# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०७४३३१७७/९७६१९५४०००/ ९८४११२११७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष १० अंक २७९ काठमाडौं बुधबार, २४ माघ २०८० Prabhab National Daily Wednesday, February 7, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


# व्यवस्था जोगाउने चिन्ता

- सरकार र राजनीतिक दलहरू संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन गराउन इमानदार भएनन्
- संसद्बाट आवश्यक कानुन निर्माणमा ढिलाइ

■ **जेबी योञ्जन**

**काठमाडौं–** संघीय लोकतान्त्रिक गणतन्त्र संविधानमा संस्थागत भए पनि कार्यान्वयनमा जटिलता कायमै छ । सरकार र राजनीतिक दलहरू कार्यान्वयनमा इमानदार नहुँदा यस्तो भएको हो ।

गणतन्त्र पक्षधर कांग्रेस नेता डा. मिनेन्द्र रिजाल पार्टी नेतृत्वहरू सत्ता टिकाउने खेलमामात्रै लाग्दा पनि संघीय लोकतान्त्रिक गणतन्त्र संकटमा परेको बताउँछन् । उनकाअनुसार वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाललाई कुर्सी कतै गुम्ने त होइन ? भन्ने चिन्ताबाहेक अरू केही छैन । यस्तो अवस्थामा व्यवस्था जोगाउने भन्दा पनि कुर्सी जोगाउनेतिर प्रधानमन्त्रीको ध्यान गएको बताए । उनले प्रधानमन्त्रीको दाबी देउवाले नछाड्दा दाहालले ओलीसँग समेत सहकार्य गरेको सम्झिए ।

'मेरो पार्टी (कांग्रेस)को सभापति रिसाउनुभयो भने उहाँको सत्ता धरापमा पर्छ । उहाँ बालकोट दौडिनुपर्छ । उहाँ (केपी शर्मा ओली)ले बालकोटमा हुन्न भन्नुभयो भने के गर्नुहुन्छ ?,' उनले मंगलबार काठमाडौंमा आयोजित अभ्यासमा संघीय लोकतान्त्रिक गणतन्त्र विषयक गोष्ठीमा भने ।

उनले संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म र भावनाअनुसार सरकारको कामकारबाही सम्पादन हुनुपर्नेमा जोड दिए । त्यसअनुसार नहुँदा व्यवस्था विरोधी आवाज पनि सुनिन थालेको उनले उल्लेख गरे ।

संसद्को प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका उपमहासचिव पृथ्वी सुब्बा गुरुङले संघीयता कार्यान्वयनबारे दल र सरकारले गम्भीरता देखाउनुपर्ने बताए । यसमा ढिला गर्न नहुने उनको धारणा छ । संघीय सरकारको मन्त्रालय घटाएर खर्च कटौती गर्नुपर्नेमा उनको जोड छ ।

'संघीय सरकारको कतिपय काम प्रदेश सरकार र कतिपय डेलिभरका काम स्थानीय सरकारले गर्ने भएको हुनाले संघमा २५ वटा मन्त्रालय चाहिँदैन,' गुरुङले भने, '१२ वटा मन्त्रालय राखे हुन्छ । सकभर हामी १२ वटा मन्त्रालयमा झार्ने कोसिस गर्छौं ।'

देश संघीय लोकतान्त्रिक गणतन्त्रमा गएपछि उनी गण्डकीको पहिलो मुख्यमन्त्रीसमेत भएका नेता हुन् । उनै नेता गुरुङले संघीय लोकतान्त्रिक गणतन्त्रको सफल कार्यान्वयन गर्न संसद्बाट अत्यावश्यक ऐन कानुन बनाउनुपर्ने बताए । त्यसका लागि सरकारले संसद्लाई 'बिजनेस' धेरैभन्दा धेरै दिनुपर्ने बताए । उनका अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रको विकल्प अरू व्यवस्था हुनै सक्दैन । त्यही भएर यही व्यवस्थाको टिकाउमा सरकार र दलहरूको गम्भीर ध्यान आकृष्ट हुनुपर्ने बताए । (क्रमशः पृष्ठ २ मा)



संघीय सरकारको कतिपय काम प्रदेश सरकार र कतिपय डेलिभरका काम स्थानीय सरकारले गर्ने भएको हुनाले संघमा २५ वटा मन्त्रालय चाहिँदैन, १२ वटा राखे हुन्छ ।

■ **पृथ्वी सुब्बा गुरुङ, उपमहासचिव, नेकपा एमाले**



संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म र भावनाअनुसार सरकारको कामकारबाही सम्पादन नहुँदा व्यवस्था विरोधी आवाज सुनिन थालेको छ । यसतर्फ सरकारको ध्यान जानुपर्छ ।

■ **डा. मिनेन्द्र रिजाल, केन्द्रीय सदस्य, कांग्रेस**



संघीय लोकतान्त्रिक गणतन्त्र मास्ने खेलहरू भइरहेका छन् । त्यसका लागि देशी विदेशी शक्तिहरूले शृंखलाबद्ध प्रहार गरिरहेका छन् । यसलाई निस्तेज पार्नुपर्छ ।

■ **ओनसरी घर्ती मगर, पूर्वसभामुख**



मलाई धेरैले मेसेज गर्न थालेका छन् कि अब गणतन्त्रको विरूद्धमा उभिनुहोस् । राजतन्त्रलाई पुनःस्थापित गर्नुपर्छ । यस्तो भन्नेहरू कांग्रेस–एमालेलगायत दल आबद्धहरू नै पाउँछु । तर, यसको विकल्प अरू व्यवस्था हुन सक्दैन ।

■ **सन्तोष परियार, प्रमुख सचेतक, रास्वपा**

## राष्ट्रिय सभा अध्यक्षमा माओवादीको दाबी

# सिटौलासँग अर्यालको टक्कर !

- राष्ट्रिय सभामा सबैभन्दा ठूलो दल भएकोले अध्यक्षमा दाबी स्वाभाविक रहने माओवादीको तर्क
- कांग्रेस नेता कृष्ण सिटौला राष्ट्रिय सभाको अध्यक्ष बनेर राजनीतिक करिअरको 'सेफ ल्यान्डिङ' गर्ने तयारीमा
- सिटौलाका लागि प्रधानमन्त्री पुष्पकमल दाहालसमेत 'ब्याक' हुने सम्भावना



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय सभाको अध्यक्षमा माओवादीले पनि दाबी गर्ने तयारी गरेको छ । मंगलबार माओवादी केन्द्रका सांसदहरूले प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष पुष्पकमल दाहाललाई राष्ट्रिय सभाको अध्यक्षमा दाबी गर्न दबाब दिएसँगै यस्तो सुरसार देखिएको हो ।

सिंहदरबारमा माओवादीका राष्ट्रिय सभा र प्रतिनिधिसभा सदस्यहरूको संयुक्त बैठकमा सांसदहरूले दाहालसामु उक्त माग राखेका हुन् । राष्ट्रिय सभामा माओवादी सबैभन्दा ठूलो दल भएकोले अध्यक्षमा दाबी स्वाभाविक रहने माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले बताए । 'राष्ट्रिय सभामा माओवादी सबैभन्दा ठूलो दल बनेको छ । यसकारण अध्यक्षमा हाम्रो दाबी रहन्छ,' बैठकपछि पाण्डेले भने ।

प्रधानमन्त्री दाहालले आफूले यो विषय गठबन्धनमा राख्ने माओवादी नेताहरूलाई बताएका छन् । सत्ता गठबन्धनमा सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले पनि अध्यक्षमा दाबी गरेको छ । निर्वाचनमा उम्मेदवार चयन हुनुअघि नै कांग्रेस नेता कृष्णप्रसाद सिटौलाले राष्ट्रिय सभा अध्यक्ष बन्ने तयारी गरेका थिए । नयाँ निर्वाचित राष्ट्रिय सभा सदस्यहरूले फागुन २० गते राष्ट्रिय सभामा शपथ लिँदै छन् । यही दिनबाट राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना बिदा हुने भएपछि उक्त पदका लागि निर्वाचन हुने छ । अध्यक्षका लागि फागुन २९ गते निर्वाचन गर्ने तयारी रहेको छ ।

**माओवादीले कसलाई बनाउँदै छ उम्मेदवार ?**

सत्तारुढ दल माओवादीले यसअघि एमालेसँगको गठबन्धनमा राष्ट्रिय सभामा उपाध्यक्ष पाएको थियो । उक्त पदमा उर्मिला अर्याल निर्विरोध निर्वाचित भएकी थिइन् । अर्याल मधेस प्रदेशबाट २०७८ साल माघमा राष्ट्रिय सभा सदस्य निर्वाचित भएकी थिइन् । उनलाई पार्टीले राष्ट्रिय सभाको अध्यक्ष बनाउने तयारी गरेको माओवादी प्रवक्ता अग्निप्रसाद सापकोटा बताउँछन् ।

संवैधानिक परिषद्मा माओवादी खाली नगराउन पनि अर्याललाई अध्यक्ष बनाउँदा उपयुक्त हुने सापकोटा बताउँछन् । 'संवैधानिक परिषद्मा प्रधानमन्त्री रहुन्जेल त हो एक जना, त्यसपछि त हाम्रो पार्टीको एक जना पनि पदाधिकारी हुँदैन,' सापकोटाले भने ।

२०६५ सालमा बुटवलमा भएको आठौं महाधिवेशनबाट एमाले पोलिटब्युरो सदस्यमा निर्वाचित भएकी उनी २०६७/६८ सालमा झलनाथ खनाल नेतृत्वको सरकारमा स्थानीय विकासमन्त्री बनेकी थिइन् । नेकपा मसाल पृष्ठभूमिकी अर्याल २०७० जेठ ४ गते माओवादी प्रवेश गरेकी हुन् ।

**सिटौलाको आफ्नै तयारी**

कांग्रेस नेता सिटौला राष्ट्रिय सभाको अध्यक्ष बनेर राजनीतिक करिअरलाई 'सेफल्यान्डिङ' गर्ने मनसायमा देखिन्छन् । त्यसैले उनले चुनावमा होमिनुअघि नै पार्टी सभापति शेरबहादुर देउवासँग उक्त पद पक्का गरेका थिए । सिटौला कांग्रेसमा 'थर्ड पोल' अर्थात् तेस्रो खेमाको नेतृत्व गर्ने नेताका रूपमा चिनिन्छन् । गिरिजाप्रसाद कोइरालाको पालामा मनोनीत महामन्त्री बनेका उनको खेमाका युवा नेताहरू धमाधम निस्कन थालेपछि उनी लगातार कमजोर बने । १३औं र १४औं महाधिवेशनमा देउवालाई सघाउन बाध्य भएका सिटौला कसैगरी राष्ट्रिय सभाको अध्यक्ष बन्ने दाउमा छन् ।

तर पार्टीमा उनीपक्षका युवा नेताहरू गुटकै विलय हुन लागेको भन्दै अध्यक्ष बन्न नदिने कसरतमा छन् । १३औं महाधिवेशनमा महामन्त्रीको उम्मेदवार बनाएका गगन थापा र १४औं महाधिवेशनमा महामन्त्रीको उम्मेदवार बनाएका प्रदीप पौडेलले उनको खेमा छाडिसकेका छन् । अहिले गगन र प्रदीप शेखर निकट मानिन्छन् ।

(क्रमशः पृष्ठ २ मा)

### राष्ट्रिय सभामा कसको शक्ति कति ?

माघ ११ को निर्वाचनपछि सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्र राष्ट्रिय सभामा सबैभन्दा ठूलो पार्टी बनेको छ । थप पाँचजना सांसद निर्वाचित भएसँगै १७ सांसदसहित माओवादी राष्ट्रिय सभामा पहिलो दल भएको हो ।

१९ जना सांसदका लागि भएको चुनावबाट माओवादीका कृष्ण अधिकारी (बागमती), मनरूपा शर्मा (गण्डकी), झक्कुप्रसाद सुवेदी (लुम्बिनी), विष्णु विक (कर्णाली) र रेणु चन्द (सुदूरपश्चिम) निर्वाचित भए । हाल माओवादीका उपाध्यक्षसहित राष्ट्रिय सभामा १५ जना सांसद छन् । त्यसमध्ये तीन जनाको २० फागुनमा (क्रमशः पृष्ठ २ मा)



संवैधानिक परिषद्मा माओवादी खाली नगराउन पनि राष्ट्रिय सभाकी उपाध्यक्ष उर्मिला अर्याललाई अध्यक्ष बनाउँदा उपयुक्त हुन्छ । संवैधानिक परिषद्मा प्रधानमन्त्री रहुञ्जेल त हो एक जना, त्यसपछि त हाम्रो पार्टीको एक जना पनि पदाधिकारी हुँदैन ।

■ **अग्निप्रसाद सापकोटा**
**प्रवक्ता, माओवादी केन्द्र**

# 'सामाखुसी क्षेत्रबाट म्यानपावर हटाउन खोजे सशक्त प्रतिवाद गरिन्छ'

काठमाडौं महानगरपालिकाले महानगरको वडा नं २७ अन्तर्गत सामाखुसी आवास क्षेत्रमा भएका म्यानपावर कम्पनीहरु हटाउन उर्दी जारी गरेपछि यतिखेर व्यवसायीहरु अन्योल र त्रसित देखिएका छन् । सात दिनको समयसीमा दिएर म्यानपावरलगायत व्यावसायिक कार्यालय र कलकारखाना हटाउन गत बिहीबार महानगरपालिकाले माइकिङ गरेपछि व्यवसायीहरु आन्दोलित भएका छन् । दशकौंदेखि व्यवसाय सञ्चालन गर्दै आएका व्यवसायीले विनाजानकारी महानगरले जारी गरेको उर्दीलाई प्रतिवाद गर्ने बताएका छन् । यसै सन्दर्भमा समस्या समाधानका लागि पछिल्लो समय भइरहेका गतिविधि र व्यावसायिको तयारीबारे नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वउपाध्यक्ष तथा सामाखुसी वैदेशिक रोजगार एकता समितिका अध्यक्ष ***हरिबहादुर पाण्डे***सँग ***प्रभाव***ले गरेको कुराकानीः



**हरिबहादुर पाण्डे**
*अध्यक्ष, सामाखुसी वैदेशिक रोजगार एकता समिति*

**काठमाडौं महानगरपालिकाले सामाखुसी टाउन प्लानिङबाट म्यानपावर कम्पनीहरू हटाउनुपर्‍यो भन्दै माइकिङ गरेपछि व्यवसायी त्रसित छन्, यस्तो अवस्था कसरी आयो ?**

राज्यको कमजोरीकै कारण व्यवसायीहरूले दुःख पाउँदै आएका छन् । विधिवत्रूपमा राज्यबाटै अनुमति लिएर करोडौं रूपैयाँ धरौटी राखेर दशकौंदेखि व्यवसाय गरिरहेकाहरूलाई हठात् हट्नुपर्‍यो भन्ने उर्दी आएपछि त्रसित हुनु स्वाभाविकै हो । यस्तो अवस्था आउनुमा व्यवसायीहरूकै बेमेल, अव्यवस्थित पार्किङ र व्यावसायिक रूपमा हुने भीडभाडले काम गरेको हुनसक्छ । जे भए पनि विकल्पविनाको उर्दीले समस्या हल गर्दैन । यसमा हामी छलफल गर्दै छौं ।

**सामाखुसी आवास क्षेत्र भएका कारण यहाँबाट व्यावसायिक कम्पनीहरूलाई हटाउनुपर्ने माग बढेको भनिन्छ नि ?**

यो क्षेत्र (सामाखुसी) अहिले आएर रेसिडेन्सी एरिया (आवास क्षेत्र) भएको होइन, हामी दशकौंदेखि यहाँ कार्यालय सञ्चालन गरिरहेका छौं । यत्तिका वर्ष उहाँहरू (स्थानीय तहका प्रतिनिधिहरू) कहाँ जानुभएको थियो ? र, अहिले यस्तो कुरा गरिरहनुभएको छ । विनासूचना माइकिङ गर्दै सात दिनभित्र म्यानपावरलगायत व्यावसायिक कार्यालयहरू, कलकारखाना हटाउनु भन्ने उर्दी गर्नु विडम्बना हो ।

**तपाईंहरूको कारण भीडभाड बढेकाले स्थानीयलाई समस्या भएको पनि हुनसक्छ, त्यता ध्यान दिनुभएको छ कि छैन ?**

सामाखुसी रेसिडेन्सी एरिया हो भन्ने सबैलाई थाहा छ, यो पनि थाहा छ कि यहाँका घरबेटीहरू र विभिन्न पेसा व्यवसाय गरिरहेकाहरूले म्यानपावरहरूकै कारण मनग्य आम्दानी गरिरहेका छन् । यस्तो ठाउँमा व्यापार व्यवसाय गर्न सटर खोल्न पाइने, म्यानपावरको अफिस राख्न नपाइने भन्ने कुरा तर्कयुक्त छैन । हो, यहाँ वैदेशिक रोजगारीमा जाने मानिसको भीडभाड हुन्छ, पार्किङको समस्या छ । यसले केही हदसम्म समस्या ल्याएको छ । त्यसका लागि यहाँको आवासीय समितिसँग छलफल गरिरहेका छौं । मंगलबारबाटै बाइकहरूलाई निःशुल्क पार्किङका लागि नजिकैको मण्डलामा व्यवस्था मिलाइएको छ । चारपांग्रे सवारीसाधनका लागि पनि उपयुक्त स्थानको पहिचान गरी व्यवस्था मिलाइँदै छ । समस्या समाधानका थुप्रै विकल्पहरू हुँदाहुँदै उर्दी जारी गर्नु बल मिच्याइँ मात्र हो ।

**तपाईं यस क्षेत्रमा भएका म्यानपावर कम्पनीहरूको क्षेत्रीय संस्थाको अध्यक्ष भएको नाताले समस्या समाधानका लागि कस्तो प्रयास गरिरहनुभएको छ ?**

हामी अहिले यहाँको आवासीय समितिसँग छलफलमै छौं । समस्या हल गर्न भनेरै विभिन्न विकल्प दिएर बुधबार पनि छलफल गर्दै छौं । यति गर्दा पनि उहाँहरूले 'तपाईंहरू हट्नैपर्छ' भन्नुभयो भने वडा कार्यालय जान्छौं । त्यहाँबाट पनि निकास निस्केन भने महानगरपालिकको कार्यालयमा जान्छौं । यति गर्दा पनि भएन भने आफ्नो व्यावसायिक सुरक्षाका लागि अदालत जान बाध्य हुनेछौं ।

**सामाखुसीमात्रै किन, तपाईंहरूले अन्य विकल्प पनि सोच्नुभएको होला नि ?**

हामीले म्यानपावर सार्ने विकल्प नै देखेका छैनौं । विकल्पको सवालमा यहाँबाट अन्त जाने कुरै आउँदैन । कि आवासीय क्षेत्रका सबै घरबेटीहरूले तपाईंहरूले 'म्यानपावर सार्नुहोस्, यहाँ राख्न दिंदैनौं' भन्नुभयो भने विकल्प सोच्नुपर्ने हुनसक्छ । घरबेटीले बस्न दिएसम्म महानगरले हट भनेर मात्रै हुँदैन । हाम्रो संविधानले नै स्वतन्त्र रूपमा पेसा व्यवसाय गर्न पाउने ग्यारेन्टी गरेको अवस्थामा राज्यबाट अनुमति लिएर कर तिरेर सञ्चालन भइरहेको व्यवसायमाथि जथाभावी गर्न पाइँदैन । हामी २१औं शताब्दीको व्यवसायी हौं । श्रम, ऐन, नियम र पेसागत मर्यादा राम्रोसँग थाहा छ । यहाँबाट हटाउन खोजिए सशक्त प्रतिवाद हुन्छ । देशव्यापी आन्दोलन गर्न पनि हामी तयार छौं ।

**कतिपय सन्दर्भमा व्यवसायीहरूबीच एकता छैन भन्ने चर्चा सुनिन्छ, समस्या आउनुमा त्यसैको असर त हैन ?**

यथार्थ कुरा । व्यवसायीहरूको एकता हिजो पनि थिएन आज पनि छैन । आजको इस्यु व्यवसायीहरूको एकताको मात्र कुरा होइन, समाखुसीमा भएका ५५ वटा म्यानपावरहरूलाई हटाइयो भने भोलि अन्य क्षेत्रमा भएका म्यानपावरहरूको सुरक्षा अवस्था के हुन्छ ? भन्ने हो । भोलि सिनामंगलमा भएको म्यानपावर हटाउनुपर्‍यो भनिएला, पर्सी बसुन्धराको भन्लान् । त्यस्तै चक्रपथको कुरा आउला, ललितपुरबाट पनि हाटाउनुपर्‍यो भन्लान् । यस्तो अवस्थामा कहाँ जाने हो ? राज्यले जवाफ दिनुपर्‍यो । हाम्रा कारणले भनौं हामीले सञ्चालन गरेको म्यानपावरले कुनै समस्या सिर्जना गरेको भए वा हुने अवस्था आए त्यस्ता समस्या र कमीकमजोरी सुधार गर्न हामी प्रतिबद्ध छौं ।

**सन्दर्भः वैदेशिक रोजगार**

### रेमिटचान्समा उत्साह
# छ महिनामै भित्रियो सात खर्ब ३३ अर्ब

**काठमाडौं (प्रस)–** चालु आर्थिक वर्षको छ महिनामा सात खर्ब ३३ अर्ब २२ करोड रूपैयाँ विप्रेषण (रेमिटचान्स) नेपाल भित्रिएको छ । नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा साउनदेखि पुससम्म विप्रेषण आप्रवाह २५.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २४.३ प्रतिशतले बढेको थियो ।

यसरी हेर्दा विप्रेषण आप्रवाह प्रत्येक महिना एक अर्बभन्दा माथि रहेको देखिएको छ । पुस महिनामामात्रै एक खर्ब १९ अर्ब ९७ करोड रूपैयाँ भित्रिएको राष्ट्र बैकले जनाएको छ । त्यस्तै अमेरिकी डलरमा विप्रेषण आप्रवाह २२.६ प्रतिशतले वृद्धि भई पाँच अर्ब ५२ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १३.९ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या दुई लाख सात हजार ९७० र पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख ३५ हजार ४३५ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः दुई लाख ७५ हजार ६४३ र एक लाख ४२ हजार ५४८ थियो ।

समीक्षा अवधिमा खुद ट्रान्सफर २४ प्रतिशतले वृद्धि भई सात खर्ब ९९ अर्ब ५१ करोड पुगेको राष्ट्र बैंकले जनाएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर २१.६ प्रतिशतले बढेको थियो । वैदेशिक रोजगारीमा गएका नेपालीहरूले पठाएको विप्रेषणले मुलुकको अर्थतन्त्रको करिब २५ प्रतिशत हिस्सा ओगटेको विभिन्न अध्ययनले देखाएको छ । रेमिटचान्स बढेकै कारण समीक्षा अवधिमा मुलुकको विदेशी मुद्रा सञ्चिति हालसम्मकै उच्च बनेको राष्ट्र बैंकको तथ्यांकमा उल्लेख छ ।

# म्याग्दीका घुम्ती गोठ रित्तिँदै

**म्याग्दी (बेनी)**– शरीरका लुगाफाटा च्यातिएका छन् । कपाल र दारी फुलेर सेता भएका छन् । गालाका छाला चाउरी पर्न थालिसके । तर उमेरले ७० वर्ष पार गरेका धवलागिरि गाउँपालिका-५ मल्कबाङका हिराप्रसाद तुलाचन अझै गोठालो जीवनमै सक्रिय छन् । उमेरले बुढ्यौली लागेर न्यानो र आरामदायी जीवनयापन खोज्न थाले पनि उनको जिन्दगी भने भकारीले छाएका गोठमा हिमपात, वर्षा र चिसोसँग सामना गर्दै बित्ने गरेको छ ।



गोठमा भैँसीलाई चरनखर्कमा चराउने, घाँस दाउरा काट्नेदेखि बिहान-बेलुका गोठमा वस्तुभाउको स्याहारसुसार, कुँडो-भकारोको काम उनको नियमित दैनिकी हो । जीवनको अधिकाश समय गोठमा बिताएका उनको भैँसीगोठमा अहिले नौवटा भैँसी छन् । उनले परम्परागतरूपमा घुम्तीगोठ राखेर भैँसीपालन गर्दै आएका छन् । बर्खायाममा लेकाली बुकीहरूमा पुऱ्याउने घुम्तीगोठ हिउँदयाममा भने बैँसी फाँटसम्म ल्याउने गरिन्छ ।

घुम्तीगोठलाई यहाँका पशुपालक किसानले रुवाचौर, एकराते, नेपाने, नयाँवन, च्यामली, रुरुलगायतका लेकाली बुकीहरूमा गोठ सार्ने गर्छन् । गाउँको फेदीबाट बग्ने कालीखोलाको किनारमा रहेको काफलडाँडाको फाँटमा गोठ राखेका किसान तुलाचनको गोठमा रहेका भैँसीमध्ये एक दुहुनो र तीनवटा ब्याउने भैँसी छन् । 'म सानैदेखि गोठमै हुर्किएको हुँ, बुवाआमा पनि गोठमा बस्नुहुन्थ्यो, हुन त देश-विदेश पनि घुमेँ, भनेजस्तो नभएपछि गाउँ फर्किएर पुर्खाकै पेसा अँगालेर गोठाला बनेको हुँ,' उनले भने ।

रोजगारीका लागि कोरिया गए पनि छ महिनामै फर्कनुपरेको र पुनः जापान जाने तयारी गरे पनि सफल नभएपछि गाउँ फर्किएको उनको भनाइ छ । गाउँ आएपछि सुरुमा कास्कीको नौडाँडाबाट म्याग्दी सदरमुकाम बेनीसम्म सामान ढुवानी गर्नेगरी खच्चड व्यवसाय सुरु गरेका तुलाचनले दुई महिनामै आफ्नो पुर्ख्यौली पेसा घुम्तीगोठमा पशुपालन सुरु गरेको विगत स्मरण गरे ।

परिवारमा छ दाजुभाइ रहे पनि अन्यले काठमाडौं, बुटवल, थाकखोलालगायतका ठाउँमा व्यापार व्यवसाय गरे पनि आफूले पुर्ख्यौली घुम्तीगोठलाई निरन्तरता दिएको उनको भनाइ थियो । करिब १५ वर्षसम्म भेडाबाखापालन गरेका तुलाचनले दुई दशकदेखि भने भैँसीपालन गर्दै आएका छन् । बीस-पच्चिसवटासम्म भैँसी पाल्ने गरेका उनले उमेर बढ्दै र कामको दौडधुप गर्ने शक्ति घट्दै गएपछि भैँसीको संख्या घटाउँदै लगेको जानकारी दिए ।

गोठबाट दूध दिने भैँसी, राँगा र घिउ बिक्री गरेर हुने आम्दानीबाट आफ्नो घर खर्च चलेको उनले बताए । बेनीमा होटल व्यवसाय गर्ने आफ्नो छोरीसँगै श्रीमती पनि बजारमा बस्न थालेपछि तुलाचन भने गाउँकै घुम्तीगोठमा रमाएका छन् । 'मलाई पनि गोठ नबस्न परिवारले भन्दै आएका छन्, तर तल बजारमा गएर म बस्नै सक्दिनँ, बजारतिर त रोग पनि के-के हो के-के लाग्ने, गाउँकै चिसो हावापानीमा बस्दा मलाई खुसी मिलेको छ, मेरो तागतले भ्याएसम्म म गोठमै उकाली-ओराली गर्ने सोचमा छु,' उनले भने ।

घुम्तीगोठ भएकाले खर्क र बुकीमा गोठ सारिरहनुपर्ने र यसका लागि काम गर्ने व्यक्तिलाई ज्याला दिनुपर्दा गोठको दुःख आफूलाई आम्दानी जति गोठलाई हुने गरेको उनले बताए । 'एक ठाउँमा गोठ बनाउन, तीन-चारजना मानिस चाहिन्छ, ठाउँ-ठाउँमा सरकारले घुम्तीगोठको अस्थायी टहरा बनाइदिए सहज हुने थियो, हामी गोठालाको कुरा कसले सुन्ने,' उनले दुखेसो पोखे । *रासस*

# एकीकृत सूचना प्रणाली विकास गर्न कार्यदल गठन

**काठमाडौं (प्रस)**- आपत्कालीन अवस्थामा व्यक्तिले मोबाइल वा टेलिफोनबाट सूचना पठाएपछि केन्द्रीय सूचना प्रणालीमा पुग्ने र आवश्यक आपत्कालीन सेवा लिनसक्ने गरी एकीकृत सूचना प्रणाली विकास गर्न कार्यदल गठन गरिएको छ ।

यसका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन प्राधिकरणका सहसचिव भरतमणि पाण्डेको संयोजकत्वमा ११ सदस्ययीय कार्यदल गठन गरिएको हो । कार्यदलमा गृह मन्त्रालय, स्वास्थ्य मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नेपाली सेना, सशस्त्र प्रहरीका एक-एक र नेपाल प्रहरीका दुईजना प्रतिनिधि रहेका छन् । सूचना तथा सञ्चारविज्ञ विजय गौतमसमेत कार्यदलमा छन् ।

एम्बुलेन्स, दमकल, प्रहरी सेवा, प्रारम्भिक स्वास्थ्यजस्ता सेवा एकीकृतरूपमा उपलब्ध गराइने गरी प्रणालीको विकास गर्न लागिएको गृह मन्त्रालयले जनाएको छ । तत्कालका लागि भने एम्बुलेन्स, दमकल र प्रहरी सेवा समावेश गरिने छ ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको उपस्थितिमा सोमबारको सरोकारवालाको बैठकले आपत्कालीन सहायता सेवा प्रवाहका सम्बन्धमा १५ दिनभित्र अवधारणापत्र र कार्ययोजना पेस गर्न कार्यदललाई समय दिइएको छ ।

अत्यावश्यक सहायता सेवाका लागि हाल नेपाल प्रहरीको १००, दमकलको १०१, एम्बुलेन्सको १०२ र ट्राफिक प्रहरीको १०३ नम्बर प्रयोगमा छन् । यो नयाँ सेवा सुरु भएपछि सबै नागरिकले एउटै नम्बर प्रयोग गरेर आफूलाई परेको समस्या केन्द्रीय प्रणालीमा पठाउन सक्ने छन् ।

केन्द्रीय सूचना प्रणालीमा प्राप्त सूचनालाई तत्कालै सम्बन्धित निकायमा पठाउने छ र आपत्कालीन सेवा प्रवाहका लागि विभिन्न उपप्रणालीसमेत प्रयोगमा ल्याइने गरी उक्त कार्य अघि बढेको कार्यदलका संयोजक पाण्डेले जानकारी दिए ।

पृष्ठ १ बाट क्रमशः

## व्यवस्था जोगाउने...

पहिलो महिला सभामुखसमेत रहेकी सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्रकी नेतृ ओनसरी घर्ती मगरले संघीय लोकतान्त्रिक गणतन्त्र मास्ने खेलहरू भइरहेको बताइन् । त्यसका लागि देशी विदेशी शक्तिहरूले शृंखलाबद्ध प्रहार गरिरहेको भन्दै उनले आक्रोश व्यक्त गरिन् ।

नेपाली जनताको रगत र पसिनाको जगमा स्थापित राजनीतिक व्यवस्थाविरुद्ध भइरहेका सबै खालका कदमविरुद्ध सरकार र परिवर्तन पक्षधर शक्तिहरू एकताबद्ध हुनुपर्ने उनले बताइन् । यद्यपि सरकार र राजनीतिक दलहरूको त्यति गम्भीर नबनेकोप्रति उनको चिन्ता छ । 'कसैले संघीय लोकतान्त्रिक गणतन्त्र उपहार दिएको होइन । यो लडेर नेपाली जनताले ल्याएको व्यवस्था हो । यसविरुद्ध विगतदेखि नै प्रहार भइरहेको छ,' उनले भनिन्, 'यस्ता गतिविधिलाई निस्तेज गर्न पनि मुख्य रूपमा सरकार र राजनीतिक दलहरू नै अग्रसर हुनुपर्छ ।'

संविधानबाट संस्थागत भएको गणतन्त्र घर्तीको दल माओवादीको युद्धकालीन एजेण्डा हो । लोकतन्त्र कांग्रेसको र संघीयता तत्कालीन मधेसी जनअधिकार फोरम (हालको जसपा)को एजेण्डा हो । यी व्यवस्थालाई जोगाएर अघि बढ्नुको विकल्प नभएको पूर्वसभामुख मगरको भनाइ छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रमुख सचेतक सन्तोष परियारले पनि व्यवस्थामाथि प्रश्न उठेको र यसमा जिम्मेवार मूलभूतरूपमा कांग्रेस र एमाले रहेको आरोप लगाए । यी दलहरूकै सहयोगमा व्यवस्थाविरोधी गतिविधिहरू भइरहेको भन्दै उनले गुनासो गरे । उनका अनुसार नयाँ पुस्तालाई संघीय लोकतान्त्रिक गणतन्त्रको महत्त्व बुझाउनै बाँकी रहेको पनि बताए ।

'मलाई धेरैले मेसेज गर्न थालेका छन् कि अब गणतन्त्रको विरुद्धमा उभिनुहोस् । राजतन्त्रलाई पुनःस्थापित गर्नुपर्छ । यस्तो भन्नेहरू कांग्रेस-एमालेलगायत दल आबद्धहरू नै पाउँछु,' उनले भने, 'तर, यसको विकल्प अरू व्यवस्था हुन सक्दैन । नयाँ पुस्तालाई पनि यसबारे बुझाइनुपर्छ ।'

दोस्रो संविधानसभाबाट ३ असोज २०७२ मा जारी संविधानअनुसार नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक देश हो । देशमा सातवटा प्रदेश छन् । २०७४ पछिमात्रै यो राजनीतिक व्यवस्था व्यावहारिक कार्यान्वयनमा छ । राजनीतिशास्त्रीहरूका भनाइमा संघीय लोकतान्त्रिक गणतन्त्र हाल अभ्यासमा छ । तर, सही ढंगले अभ्यास नभएको प्रा.डा. कृष्ण खनालको विश्लेषण छ । यही तालले व्यवस्था खतरामा पर्ने उनको चिन्ता छ । मधेस मामिलाका जानकार राजनीतिक विश्लेषक सिकेलालसँगै अन्य राजनीतिक विश्लेषकहरू हरि शर्मा र अर्चना थापाले पनि अभ्यासमा रहेको संघीय लोकतान्त्रिक गणतन्त्रको सफल कार्यान्वयन गर्न दल र सरकार अत्यन्तै इमानदार हुनुपर्ने मत राखे । होइन भने व्यवस्थामा उलटफेर नआउला भन्न नसकिने बताए ।

■■■

## सिटौलासँग अर्यालको...

सशक्त युवा नेताहरू धमाधम निस्केपछि सिटौला समूहमा पछिल्लो समय कुन्दनराज काफ्ले, भूपेन्द्र राई, जितबहादुर आले, बलदेव तिमिल्सिनाजस्ता युवा नेताहरू सक्रिय छन् । उनीहरू सिटौलालाई उपप्रधानसहित गृहमन्त्री भएको हेर्न चाहन्छन् ।

सरकारमा हुँदा गुटको पावर बढ्ने अपेक्षासहित सिटौलालाई दबाब दिन नेताहरू सक्रिय रहेको बताइन्छ । 'सिटौलालाई उनीनिकट नेताहरूले सरकारमा मन्त्री बनोस् भन्ने आशयसहित दबाब दिइरहेका छन्, तर उहाँ आफैं भने अध्यक्ष बन्न लयमा देखिनुहुन्छ,' सिटौलाइतरका एक नेताले भने ।

सिटौलाले राष्ट्रिय सभाको अध्यक्ष बन्न चाहेमा प्रधानमन्त्री दाहालसमेत 'ब्याक' हुने बताइन्छ । यसबारे कांग्रेसले अहिले नै कुनै छलफल चलाइनसकेको कांग्रेस प्रचार विभागका प्रमुख मिनबहादुर विश्वकर्मा बताउँछन् ।

■■■

## राष्ट्रिय सभामा...

पदावधि सकिन बाँकी १२ जना र बिहीबार निर्वाचित पाँचजना गरी माओवादीको १७ सांसद भएको हो ।

राष्ट्रिय सभाको दोस्रो दल नेपाली कांग्रेस बनेको छ । चुनावमा १० जना सांसद निर्वाचित भए पनि कांग्रेस १६ सिटसहित दोस्रो दल बनेको हो । १० सांसद वर्तमान संसद्मा रहेकामा २० फागुनपछि कांग्रेसका चारजना सांसदको पदावधि सकिने हुँदा १६ सांसदसहित उक्त दल दोस्रो भएको हो ।

निर्वाचन आयोगका अनुसार कांग्रेसका कृष्णप्रसाद सिटौला (कोशी), आनन्दप्रसाद ढुंगाना (मधेस), जीतजंग बस्नेत र विष्णुदेवी पुडासैनी (बागमती), किरणबाबु श्रेष्ठ र पदमबहादुर परियार (गण्डकी), विष्णुकुमारी सापकोटा (लुम्बिनी), कृष्णबहादुर रोकाय (कर्णाली) र नारायण भट्ट तथा बलदेव बोहरा (सुदूरपश्चिम) निर्वाचित भए ।

राष्ट्रिय सभामा खुम्चिएर तेस्रो दल भएको एमालेले १९ मध्ये एक सिट जितेको छ । एमालेबाट कोशी प्रदेशमा रुक्मिणी कोइराला गठबन्धनकी उम्मेदवार चम्पादेवी कार्कीलाई पराजित गर्दै राष्ट्रिय सभामा आएकी हुन् । एमालेका नौ जनाको पदावधि सकिन लागेको छ । यस आधारमा एमाले १० जना सांसदमा सीमित हुने भएको छ ।

सत्ता गठबन्धनकै अर्को दल नेकपा एकीकृत समाजवादी आठ सिटसहित चौथो बनेको छ । जनता समाजवादी पार्टीको हाल राष्ट्रिय सभामा तीनजना सांसद छन् ।

राष्ट्रपतिबाट मनोनीत गर्नुपर्ने सिटमा भने राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेलको चर्चा छ । गठबन्धन दलहरू पौडेललाई राष्ट्रिय सभामा ल्याउन सहमत छन् । त्यसो भएमा जनमोर्चाको राष्ट्रिय सभामा दुई सांसद हुने छ । हाल राष्ट्रिय सभामा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को एक जना सांसद छन् ।

# 'बसाइँसराइको असरबारे नीतिगत बहस आवश्यक'

**काठमाडौं (प्रस)**- बढ्दो आन्तरिक र बाह्य बसाइँसराइले पार्ने आर्थिक सामाजिक असर र हिमाल, पहाड तथा तराईमा समानुपातिकरूपमा आधारभूत सेवा सुविधाको प्रबन्धका लागि नीतिगत बहस हुनुपर्नेमा जोड दिइएको छ ।

नेपालस्थित संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय आप्रवासन कार्यालयको सहकार्यमा त्रिभुवन विश्वविद्यालय, केन्द्रीय जनसंख्या विभागले मंगलबार आयोजना गरेको प्राज्ञिक बहसमा वक्ताहरूले हिमालबाट सहरी र तराई क्षेत्र तथा विदेशमा बसाइँसराइ बढ्दो भएकाले यसका कारण र न्यूनीकरणका उपाय खोजी हुनुपर्नेमा आग्रह गरे ।

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक संकायका डीन प्रा.डा. कुशुम शाक्यले मानिसको जन्म र मृत्यु प्राकृतिक भए पनि बसाइँसराइ अप्राकृतिक भएको बताउँदै पछिल्लो राष्ट्रिय जनगणनामा देखिएको बसाइँसराइका तथ्यांकलाई केलाउन उपयुक्त नीति आवश्यक भएकोमा जोड दिए ।

राष्ट्रिय तथ्यांक कार्यालयका उपप्रमुख डा. हेमराज रेग्मीले जन्मदर बढी हुने विगतको समस्या हाल नेपालमा नरहे पनि बसाइँसराइ एक समस्या र आयाम भएको बताए । उनले पछिल्लो जनगणनामा नेपालभित्र र विदेशमा गरी करिब ४४ लाख नेपाली बसाइँसराइ भएको देखिएको जानकारी दिए । जनसंख्या विभागका प्रमुख डा. योगेन्द्रबहादुर गुरुङले बसाइँसराइको असरबारे अध्ययन गर्नु प्रज्ञिक जगतको काम भएकाले त्यसतर्फ लाग्नुपर्ने बताए ।


## Tamankhola Rural Municipality
## Office of the Rural Municipal Executive
Bongadovan, Baglung

Gandaki Province, Nepal

**Invitation for Electronic Bids**

First Publication Date: 2080/10/24 (B.S.)

Tamankhola Rural Municipality has allocated fund towards the procurement of below mentioned contracts. Bidding is open to all registered & eligible Nepalese Bidders.

| S.N. | Contract No. | Description | Bid Document Price (Non-refundable fee) (NRs.) | Bid Security Amount (NRs.) | Estimated Amount (Without VAT and Contingencies) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 02/TRM/NCB/Works/2080/81 | Construction of Bongadovan-Bongakhani-Dhorpatan Sadak | 3000.00 | 2,60,000.00 | 1,01,91,800.6 | |

1. Bidding will be conducted through the national competitive bidding procedures specified in the Public procurement Act 2063 and regulation 2064.
2. Eligible Bidders are advised to visit e-GP portal of PPMO'S website www.bolpatra.gov.np/egp for further Information or may Contact Tamankhola Rural Municipality, Office of the Rural Municipal Executive Bongadovan, Baglung. Mobile: 9857671111, 9867448477, Email: ito.tamankholamun@gmail.com.
3. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHEIKHA GIRLS SALON

पूर्व स्वीकृति मिति २०८०/१०/२२ LT. No. 299284 चलानी नं. ६०२१४४१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 1 | 1700 | ६२,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २ गते (14th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम इजाजत नं.८३३/०६६/०६७

Target Consultant Human Resources Pvt. Ltd.

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251 FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED ZAID AL-MASHARI & PARTNERS TRANSPORT CO..

पूर्व स्वीकृति मितिः २०८०/१०/२२ LT. No. 299458 चलानी नं. ६०२१४४०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CAFE YAARAB FOR BEVERAGES

पूर्व स्वीकृति मितिः २०८०/१०/२२ LT. No. 299462 चलानी नं. ६०२१४४०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 1 | 0 | 1200 | ४२,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २ गते (14th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JERRY MANAGEMENT SYSTEM Pvt. Ltd. Govt. License 1031/068/69

P.O.Box: 12235, Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634

Web : www.jerryms.com, Email: jerryms03@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JAVLIN CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति २०७९/०९/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२३ LT. No. 278427 चलानी नं. ६०१९३८८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 14 | 3 | 1000 | ३६,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २ गते (14th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.

श्रम इजाजत नं. ५०३/०६१/०६२

पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोनः ५४५६०२०/५४५६०१९

सम्पर्क नं :९८०११०५५७७,९८०१२५०५५५



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNIVERSAL COLD STORE TRGD.CO. LTD. FOREIGN COMPANY

पुर्व स्वीकृति मिति २०८०/१०/२३ LT. No. 299370 चलानी नं. ६०२१४४२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BHD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 5 | 0 | 100 | ३५,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २ गते (14th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४००/०७४/०७५

Pashupati HR Solution Pvt. Ltd.

Pingalasthan, Gaushala, Kathmandu, Nepal

E-mail : pashupatihr17@gmail.com Tel No. 014588454

www.pashupatihr.com.np

# शिक्षामा थपिएको सिर्जनाले विद्यार्थी उत्साहित

**काठमाडौं-** काठमाडौंको रत्नराज्य माध्यामिक विद्यालय कोटेश्वरका कसिस गिरी, रक्षा चेम्जोङ सञ्चु राई र सुशील आचार्यले पिपलका पात, डाँठ, फल खोजेर ल्याए । कागजका टुक्रा र केही सिन्काहरू पनि बटुले । त्यसलाई आकार दिन थाले ।

आफ्नो पहिलो अभ्यासमै उनीहरूले एउटा सुन्दर र सफा गाउँ परिकल्पना गरे । त्यस गाउँको वातावरण र रहनसहनको 'कोलाज' तयार पारे । व्यावसायिक कलाकारले बनाएको सुन्दर कलाकृतिभन्दा फरक बनेन उनीहरूका सिर्जना ।

पिपलका हाँगा पात र फललाई आकारमा ढालेर उनीहरूले पिपलको रुख नै बनाइदिए । कागजका टुक्रामा रङ भरेर सुन्दर पहाड उतारे । सिन्काहरू जेडेर घर र छाना बनाइदिए । अनि त्यसमा रङ लिपेर एउटा बस्ती नै तयार पारे । उनीहरूले बनाएको सिर्जनामा एउटा सुन्दर बस्ती छ । सडकमा मानिस आवतजावत गरिरहेका छन् । छेवैमा पिपलको छहारी छ । गाडी पनि देखिन्छन् । एक कुनामा विद्यार्थी पठनपाठन वा कुनै छलफलमा रमाइरहेकाजस्तो देखिन्छ । माथि निलो आकाशमा चराहरू स्वच्छन्द रूपमा उडिरहेका संकेत गरिएको छ भने छेउछाउमा हरिया पहाडले त्यो बस्तीको सौन्दर्यमा सुगन्ध थपिदिएको छ ।



झट्ट हेर्दा त्यो 'कोलाज' नभएर सुन्दर 'पेन्टिङ' हो । कोलाजमा उनीहरूले आफ्नो कला प्रस्तुत गरेका छन् । केही महिनाको सिकाइमा कागजमा सुन्दर सिर्जना भरेका उनीहरू यसरी कला देखाउन पाउँदा निक्कै खुसी छन् । त्यसका साथै उनीहरूले स्केच, पेन्सिल आर्टहरू पनि आकर्षक बनाएका छन् भने अब माटो कला (माटोको कला) सिक्दै छन् ।

शुक्रबार विद्यालय पुग्दा नजिकै बेञ्चमा रहेका अन्य विद्यार्थी पनि यसैगरी कला सिर्जनामा तल्लीन थिए । उनीहरूलाई सोनी राईलगायत समूहले 'आर्ट' सिकाइरहेको थियो ।

शिक्षा र सीप कार्यक्रमअन्तरगत काठमाडौं महानगरपालिका र नेपाल लतिकला प्रज्ञा प्रतिष्ठानको संयुक्त प्रयासमा विद्यार्थीहरूले पाठचयपुस्तकबाहेक यसरी नयाँ सीप सिकिरहेका छन् । यो सीप सिकाइ कार्यक्रम रत्नराज्य स्कुलमामात्रै होइन महानगरभित्रमा विश्व निकेतन मावि, ज्ञानोदय मावि, तरुण मावि, गीतामाता मावि, कन्या मन्दिर मावि, सहिद शुक्र मावि, पद्मकन्या मावि, कोटेश्वर र सरस्वती माविमा जारी छ । यी नौ वटा विद्यालयमा १९ समूहमा विभाजन गरी ५१७ जना विद्यार्थीले यसरी कला सिर्जनाको सीप सिकिरहेका छन् । उनीहरूलाई हरेक शुक्रबार आर्ट सिकाइन्छ । विद्यार्थीले स्केच, पोस्टर कलर, पेन्सिल कलर सिकिसकेका छन् । अब माटो कलाको आधार भूत ज्ञान सिक्दै छन् ।

'अब कक्षा सकिएपछि भविष्यमा आर्टिस्ट बन्न चाहनेका लागि बाटो खुला हुन्छ, भविष्य आर्टमा खोज्न सक्छन्, यदि भएन भने जुनसुकै क्षेत्रमा जाँदा पनि आर्ट महत्त्वपूर्ण हुन्छ,' प्रशिक्षक सोनी राई भन्छिन्, 'फेसन डिजाइनमै जाँदा पनि कलर मिलाउन जान्नुहुन्छ, यस्तै अन्य क्षेत्रमा पनि आर्ट मिसाउन सक्नुहुन्छ र आफ्नो कार्यलाई उत्कृष्ट बनाउन सक्नुहुन्छ ।'

रत्नराज्य मावि बानेश्वरका ९ र १० का इच्छुक विद्यार्थी पहिलोपटक आर्ट कक्षामा सहभागी हुन पाउँदा निक्कै खुसी भेटिए । पहिलोपटक यस्तो कक्षामा सामोल शिखा केसी र विविशा निरौलाले नियमित कक्षाका साथै कलासम्बन्धी नयाँ सीप सिक्न पाउँदा खुसी लागेको प्रतिक्रिया दिए ।


नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको वास्तुकला तथा अन्य सिर्जनात्मक कला (बहुआयामिक कला) विभागकी प्रमुख सौर्यगंगा दर्शनधारीले महानगरको शिक्षा र सीप कार्यक्रमअन्तर्गतको यो नयाँ सिकाइ भएको बताइन् । उनले नै कार्यक्रमको संयोजन र समन्वय गरिरहेकी छन् । विद्यालयतहबाटै कला सिकाउनुपर्छ भन्ने प्रतिष्ठानको उद्देश्य रहेको सुनाउँदै उनले यसलाई एउटा छुट्टै कोर्सको रूपमा लैजान आवश्यक भएको बताइन् ।

गत असोजमै काठमाडौं महानगर र ललितकला प्रज्ञा प्रतिष्ठानबीच सम्झौता भएर यो कार्यक्रम सुरू भएको हो । 'यो कार्यक्रमले आर्टलाई तल्लो तहबाटै जानकारी दिनुपर्छ भन्ने हाम्रो उद्देश्य महानगरले पूरा गरिदिएको छ, विद्यार्थीहरू कला सिर्जना गर्न पाएकामा खुसी र उत्साहित देखिएका छन्, यसले भविष्यमा उनीहरूलाई बाटो देखाउन सहज हुने छ भन्ने विश्वास छ,' दर्शनधारीले भनिन् ।

उनका अनुसार अहिलेको यो ९० घण्टाको कार्यक्रम हो । यसमा ५१७ जना विद्यार्थीहरू सहभागी भएका छन् । अन्तिममा विद्यार्थीहरूले गरेका कामको प्रदर्शनीसमेत गर्ने तयारी छ । उनले थपिन्, 'विगतमा विद्यार्थीको उद्देश्य डाक्टर, पाइलट, इन्जिनियर बन्ने भन्ने हुन्थ्यो, यो कार्यक्रमले आर्टिस्ट बन्छु भन्ने उद्देश्य राख्ने पनि हुनुभएको छ । यो खुसीको कुरा हो । यदि डाक्टर, पाइलट बने पनि कला भनेको त्यो क्षेत्रमा पनि अति आवश्यक कुरा हो, जहाँ पनि काम लाग्छ ।'

रत्नराज्य माविका सहायक प्रधानाध्यापक दुर्गाप्रसाद भट्ट पाँच दिन नियमित कक्षामा सहभागी भएर एक दिन नयाँ खालको कार्यक्रममा उपस्थित हुँदा विद्यार्थीहरूमा उत्साह थपिएको महसुस आफूले गरेको बताए । *रासस*

# संघीय संसद्को महासचिवमा पाण्डेय नियुक्त



**काठमाडौं (प्रस)–** संघीय संसद्को महासचिवमा पद्मप्रसाद पाण्डेय नियुक्त भएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार उनलाई महासचिव नियुक्त गरेका हुन् ।

प्रतिनिधिसभाका सभामुख र राष्ट्रिय सभाका अध्यक्षको संयुक्त सिफारिसमा पाण्डेयलाई महासचिव नियुक्त गरिएको राष्ट्रपति कार्यालयले जानकारी दिएको छ ।

यसअघि पाण्डेय कार्यवाहक महासचिवको जिम्मेवारीमा थिए । संसद् सेवाको कार्यवाहक महासचिवको हैसियतले दिएको राजीनामा मंगलबार नै राष्ट्रपति पौडेलले स्वीकृत गरेका थिए ।

नेपालको संविधानको धारा १०६ को उपधारा (१) बमोजिम रिब्दीकोट गाउँपालिका ९१, पाल्पा निवासी पाण्डेयलाई मंगलबारदेखि नै लागू हुने गरी नियुक्त गरेको राष्ट्रपतिको कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । पाण्डेयले यसअघि संसद् सचिवालयको सचिव र न्याय सेवा विशिष्ट श्रेणीको पदाधिकारीका रूपमा काम गरेका थिए ।


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१०/२४ गते)

सनमान बस्नेतको नाति, इन्द्र बहादुर बस्नेत र रमादेवी बस्नेतको छोरा, डम्बर कुमारी बस्नेतको पति, ओखलढुंगा जिल्ला, चिशंखुगढी गा.पा, वडा नं.०५ बस्ने बर्ण बहादुर बस्नेतको मिति २०८०/१०/०२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको चिशंखुगढी शाखामा रहेको बर्ण बहादुर बस्नेतको खाता नं. ०९२०१३२३१४६००००१ मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको पत्नीले यस बैंकको चिशंखुगढी शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय चिशंखुगढी वा रजिष्टर्ड कार्यालय, टंगाल, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

प्रधान कार्यालय, टंगाल, काठमाडौ फोन नं. ०१-४९८५४५६, ०१-४९८५८०९



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GHARRAH INTERNATIONAL FOR GEN. TRADING & CONT.COMPANY

पूर्व स्वीकृति मिति २०८०/१०/२३ | LT. No. 299377 | चलानी नं. ६०२१४४३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 10 | 0 | 120 | ५२,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |
| 2 | Excavator Operator | 10 | 0 | 200 | ८७,०३५ | | | | | | | |
| 3 | Labor | 10 | 0 | 100 | ४३,५१५ | | | | | | | |
| 4 | Loader | 10 | 0 | 200 | ८७,०३५ | | | | | | | |
| 5 | Mechanic | 20 | 0 | 200 | ८७,०३५ | | | | | | | |
| 6 | Painter | 4 | 0 | 120 | ५२,२२० | | | | | | | |
| 7 | Tire Man | 8 | 0 | 120 | ५२,२२० | | | | | | | |
| 8 | Trailer Driver | 10 | 0 | 200 | ८७,०३५ | | | | | | | |
| 9 | Turner | 5 | 0 | 120 | ५२,२२० | | | | | | | |
| 10 | Welder | 12 | 0 | 120 | ५२,२२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० फागुन २ गते (14th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No. 1241/074/075

**Aarambha H R Services Pvt.Ltd**

Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
E-mail : mail@aarambhahr.com, info@aarambhahr.com
Website : www.aarambhahr.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROYAL TEAM TRADING AND CONTRACTING W.L.L

पूर्व स्वीकृति मिति: २०८०/०७/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२३ | LT. No.294549 | चलानी नं. ६०२०९६६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 5 | 0 | 1200 | ४४,१४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ बर्ष |
| 2 | Pipe Fitter | 9 | 0 | 1200 | ४४,१४० | | | | | | | |
| 3 | Tile Maker | 7 | 0 | 1200 | ४४,१४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० फागुन २ गते (14th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**

श्रम ईजाजत नं. ४३५/०६०/०६१

Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600
E-mail : info@princeies.com



# Jugal Rural Municipality
## Office Of The Rural Municipal Executive
**Baramchi, Sindhupalchok**
**Bagmati Province, Nepal**

## INVITATION FOR ELECTRONIC BIDS

***First Date of publication: 2080/10/24 (07th Feb, 2024)***

1. The Jugal Rural Municipality Office, Baramchi, Sindhupalchok invites electronic bids from the Eligible Bidders for construction of the following works under NCB Procedures.

| Contract Identification No | Description | Estimated Amount (Without VAT & PS) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| JRM/NCB/ WORKS/06/080-81 | Construction Works Of Jugal Minirangasala Jugal 1 | 7578617.37 | 226000 | Rs.3,000 | 2080/11/24 (7th March 2024) at 12:00 hrs | 2080/11/24 (7th March 2024) at 13:00 hrs |
| JRM/NCB/ WORKS/07/080-81 | Construction Works Of Jugal View Point Jugal 2 | 7427225.44 | 220000 | Rs.3,000 | 2080/11/24 (7th March 2024) at 12:00 hrs | 2080/11/24 (7th March 2024) at 13:30 hrs |

2. Intrested Eligible Bidders may obtain further information at the office of Jugal Rural Municipality, Office of the Rural Municipal Executive, Baramchi, Sindhupalchok, Contact no **9849879394** or may visit the website ***http://www. jugalmun.gov.np.*** or may visit PPMO website ***www.bolpatra.gov.np/egp.***
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site ***www.bolpatra.gov.np/egp***. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Kumari Bank Limited**
   **Name of Office: Jugal Rural Municipality**
   **Account Number (Aantarik Rajashwo Khata for bid document fee): 2670247816200009**
   **Dharauti Khata No.: 2670247816200004**
   **Office Code No: 305042601**
4. Electronic bids must be submitted through PPMO website ***www.bolpatra.gov.np/egp***. on or before as mentioned above.
5. Pre-bid meeting shall be held at Jugal Rural Municipality, office of the Rural Municipal Executive, Baramchi, Sindhupalchok at **2080/11/15 (27th Feb 2024)** on 13:00 hrs.
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting which shall be valid for 30 days beyond the validity period of the bid .
7. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of Jugal Rural Municipality.
8. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bidders are advised to visit the site and assess the actual site conditions prior to submit the bid in their own cost.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
11. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendments) of GON.
12. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Jugal Rural Municipality notice board, Rural Municipality Official Website and in bid addendum.

**Chief Administrative Officer**
**Jugal Rural Municipality**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# रेमिटयान्समा नरमाऊ

चालु आर्थिक वर्षको छ महिनामा सात खर्ब ३३ अर्ब २२ करोड रूपैयाँ विप्रेषण (रेमिटयान्स) नेपाल भित्रिएकोमा सरकार उत्साहित छ । नहुनु पनि कसरी ? आर्थिक मन्दीका कारण राज्य चलाउनै अप्ठेरो अवस्थामा पुगेको सरकारका लागि यो दसैं आएजस्तै भएको देखिन्छ ।

नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा साउनदेखि पुससम्म विप्रेषण आप्रवाह २५.३ प्रतिशतले बढेको देखाउँछ । यसरी हेर्दा विप्रेषण आप्रवाह प्रत्येक महिना एक अर्बभन्दा माथि रहेको देखिएको छ । पुस महिनामामात्रै एक खर्ब १९ अर्ब ९७ करोड रूपैयाँ भित्रिएको राष्ट्र बैंकले जनाएको छ । त्यस्तै अमेरिकी डलरमा विप्रेषण आप्रवाह २२.६ प्रतिशतले वृद्धि भई पाँच अर्ब ५२ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १३.९ प्रतिशतले बढेको थियो। यसले विदेशी विनिमय सञ्चिती १८ खर्ब १६ अर्ब ५७ करोड देखाएको छ ।

यी दुई विषयलाई देखाउँदै सरकार आर्थिक स्थिति सुध्रेको दाबी गरेर रमाइरहेको हो । तर रेमिटयान्स अर्थतन्त्रको सिक्काको एउटा सानो पाटोमात्र हो । अब हेरौं अर्को पाटो आयातको । नेपालमा रेमिटयान्स रकम बाराबर आयात भएको देखाउँछ, पछिल्लो छ महिना । सात खर्ब ६८ अर्ब रूपैयाँ बराबरको आयातलाई धान्न रेमिटयान्सले पनि नसक्ने देखिन्छ । जबकि नेपाली उत्पादन निर्यात ७४ अर्ब रूपैयाँको मात्र छ । नेपालसँग अहिले व्यापार घाटा नै सात अर्ब रूपैयाँको हाराहारीमा छ । अर्को डरलाग्दो तथ्य हो भ्रमण खर्च । पर्यटकीय देश भनेर चर्को प्रचार भए पनि नेपाल घुम्न आएकाबाट ३६ अर्ब कमाउँदा नेपालीले भने विदेश घुम्नमै ९२ अर्ब रूपैयाँ खर्चेका छन् । वैदेशिक शिक्षामा ५८ अर्ब ९५ करोड रूपैयाँ जोड्दा यस्तो खर्च साढे एक खर्ब रूपैयाँ पुग्छ ।

अर्थतन्त्रको एउटा खम्बाको रूपमा हेरिएको रेमिटयान्स भित्रिएपछि यसको उपयोग केमा हुन्छ ? यो रकम सदुपयोगमा सरकारले कुनै योजना बनाएको देखिन्न । खाडी मुलुकबाट आएको रेमिटयान्स युरोप, अमेरिकी देशमा शिक्षा तथा भ्रमणका लागि खर्च हुने देखिन्छ । यस्ता खर्चलाई रोक्ने कुनै तयारी सरकारसँग छैन । यसैगरी भित्रिएको रेमिटयान्सलाई आत्मनिर्भर बन्नेगरी कुनै उद्योगमा लगानी गर्ने नीति पनि सरकारसँग छैन । सामाजिक सुरक्षा कोषमा श्रमिक र कामदारको छ अर्ब रूपैयाँभन्दा बढी पैसा थुप्रिएर बसेको छ । जम्माजम्मी ४८ अर्ब रूपैया रकम भएको कोषले उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सकेको छैन । अहिले कोषले ऋण प्रवाह गर्ने भन्दै स्किम बाँडिरहेको छ । यो भनेको सरकारसँग कुनै योजना नहुनु हो । यो एउटा सानो उदाहरणमात्र हो, रेमिटयान्समा रमाउनुभन्दा सञ्चित रकम उपयोग नीति बनाउँदा ठीक होला ।

## मनन्योग्य

### चाणक्य नीति

मगधमा ठूलो सेनाका साथै हात्तीहरूको बाहुल्य रहेको छ । यस्तो सूचनाले सिकन्दरका सैनिकहरूको हृदय काम्यो । विवश भएर झेलम नदीकै बाटो गरी सिकन्दरका सैन्यहरू आफ्ना देशतिर फर्किए ।

सिकन्दर कैथियान (कठ) बाटै फिर्ता भएको थियो । उसले व्यास नदी पार गर्न सकेन । तर, हिँडेर नथाक्ने चाणक्य अर्थात् विष्णुगुप्त मगधमा आई सोच्न लागे- मैले यसभन्दा अगाडि मेरा परिचितसँग भेट्नु के उचित होला ? अहं उचित छैन भन्ने पनि सोची मैले बाहिर नै बस्नु उपयुक्त छ भन्ने ठान्दै सहरबाहिर एउटा झुपडी निर्माण गरी नजिकै गाउँमा बालकहरूलाई शिक्षा दिने कार्य प्रारम्भ गरे ।

झोपडीका वरपर कुश उम्रिएको थियो । एक दिन उनका खुट्टामा कुशको टुसोले घोच्यो । बाटो सफा गर्दा पहिलेदेखि दुई-तीनपटक कुशले घोचेको थियो। त्यसलाई काटेका थिए तर यसपटक उनलाई साह्रै रिस उठ्यो । सबै कुश हातले उखल्न थाले । उखल्दै खाडल परेका स्थानमा माटो हाल्दै गर्दथे । त्यसो गर्दा उनी पसिनाले निथुक्कै भिजे तर पनि कुश उखल्न छाडेनन् । मिसिनजस्तो बनेर काम गर्दै थिए। उनले अलिकति पनि थाहा पाएनन् कि पछाडिबाट कुनै मानिसले पनि उनलाई हेरिरहेछ ।

त्यो हेर्ने व्यक्ति सोच्तै आफ्नो मनमनै भन्थ्यो- 'कति आवेश र प्रतिशोध छ यस व्यक्तिमा, कसरी कुशले गरेको अहितलाई सम्झेर फेदैदेखि कुश नष्ट गर्दैछन् यी व्यक्ति ? सायद मेरो कामका लागि यिनै व्यक्ति उपयुक्त होलान् कि !

केही बेरपछि तिनले मनमा गुने, यी ब्राह्मण देवताको कुशसँग यत्रो रिस किन ? चाणक्यले फर्केर हेरे- अगाडि राजसी पहिरनमा कुनै बृद्ध खडा छन् । विष्णुगुप्त आश्चर्यमा पर्दै ती बृद्धलाई चिन्ने प्रयत्न गर्छन्- अनि मनमा पूरा विश्वास भएपछि बूढाका गोडामा पर्दछन् ।

एक ब्राह्मणले आफ्ना खुट्टा पक्रिएको देखी मगधका अमात्य शकटार असमञ्जस स्थितिमा परे । ब्राह्मणसँग सोधे- भद्रपुरुषको परिचय पाउँछु ? विष्णुगुप्त सम्हालिएका थिए र बेहाल हुँदै भने- के पिताजीले आफ्नो छोरालाई बिर्सनुभयो ? म तपाईंकै कौटिल्य हुँ, चणकपुत्र...तर लोक मलाई तक्षशिलामा विष्णुगुप्तका नामले चिन्दछन् ।

शकटार पनि आश्चर्यचकित भए । उनलाई विश्वास लागेन किनकि चणकका छोरा त मरिसकेका थिए । तर, तिनै व्यक्ति कौटिल्य एक विद्वान् पुरुष विष्णुगुप्तका रूपमा अगाडि थिए जसको चर्चा शकटारले धेरै सुनेका थिए ।

# रक्तदानको विश्व अभियान



▸▸ अर्जुनप्रसाद मैनाली

बिरामीलाई रगत उपलब्ध गराउन, युवाहरूलाई रक्तदान गरेर कमजोर भइँदैन भनेर बुझाउनका लागि १९९० डिसेम्बर ५ मा रक्तदान गरेको एक घण्टापछि विभिन्न जिल्लाहरूमा साइकलयात्रा गरेको थिएँ । सन् २०२२ नोभेम्बरसम्म विश्वका छवटै महादेशका १४ वटा देशमा पुगी त्यहाँ बसोबास गरेका नेपाली समुदायमा रक्तदान गर्न उत्प्रेरणा गरेको छु र आफूले पनि २०५ पटक रक्तदान गरेको छु । यस अभियानबाट ६१५ जना बिरामीलाई बचाउन सक्नु आफैंमा असाधारण काम हो भन्ने लाग्दछ ।

रगतविनाको जीवनको कल्पना पनि गर्न सकिँदैन । स्वेच्छाले रगत दान गर्नुलाई नै रक्तदान भनिन्छ । नेपालमा बर्सेनि करिब तीन लाख युनिट रगत चाहिन्छ तर जहिल्यै अभावका समाचार आइरहेका हुन्छन् । पछिल्लो समय बाढी, पहिरो, भूकम्पजस्ता प्राकृतिक कारणदेखि सडक दुर्घटना एवं स्वदेशमै अनेक जटिलखालका रोगहरूको शल्यक्रियाको सुविधा पनि उपलब्ध भएसँगै रगतको माग आकासिएको छ । ब्लड बैंकहरूले पनि आवश्यक मात्रामा सेवाग्राहीलाई रगत उपलब्ध गराउन सकिरहेका छैनन् । योग्य व्यक्तिहरूले पनि रक्तदान नगर्ने प्रवृत्तिले गर्दा देशमा रगतको अभाव भएको छ ।

स्वस्थ शरीर, मानसिक सन्तुलन ठीक, कम्तीमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको र कम्तीमा ४५ केजी तौल भएको, मलेरिया, क्षयरोग, जन्डिस, मधुमेह तथा एचआइभी/एड्स नलागेको व्यक्ति रक्तदान गर्न योग्य मानिन्छन् । गर्भवती र महिनावारीको समयमा र सुत्केरी भएको छ महिनाभन्दा अगाडि रक्तदान गर्नु हुँदैन । रक्तदान गर्दा कतिपय मुटुजन्य रोगका समस्या र कतिपय मधुमेहजन्य रोगका समस्या निदान हुने विभिन्न स्वास्थ्य अनुसन्धानले प्रमाणित गरेको छ । विश्व स्वास्थ्य संगठनका अनुसार विकसित देशमा एक हजारमा ३३.४ जना, विकासोन्मुख देशमा ११.७ जना र अल्पविकसित देशमा ४.६ जनाले मात्र रक्तदान गर्ने गर्दछन् । विश्वको जनसंख्याको दुई प्रतिशतले मात्र रक्तदान गर्दा पनि बिरामीको उपचारका लागि रगत अभाव हुँदैन भन्ने तथ्यांक छ ।

### रक्तदान किन आवश्यक छ ?

वैज्ञानिकहरूले चिकित्सा क्षेत्रमा अकल्पनीय आविष्कारहरू गरी क्यान्सर, मिर्गौला प्रत्यारोपण, ठूला एवं जटिल रोगहरूको उपचार पनि सम्भव गराएका छन् तर त्यस्ता रोगहरू उपचार गर्न मानव जीवनका लागि नभई नहुने रगतको विकल्प भने दिनसकेका छैनन् । प्राकृतिक प्रकोपका कारण बर्सेनि लाखौंले जीवन गुमाउने गर्दछन् भने करोडौंको संख्यामा घाइते हुन्छन् । त्यस्तै मानव निर्मित सडक दुर्घटना, युद्धजस्ता कारणले समेत बर्सेनि ठूलो संख्यामा मानवीय क्षति हुने गरेको छ । यसका अलावा सरुवा रोगलगायत विभिन्न प्रकोपका कारण लाखौंको ज्यान जान्छ । साथै गरिब परिवारका गर्भवती, सुत्केरी तथा नवजात शिशुको रगतमा हेमोग्लोबिनको मात्रा कम भएकालाई उपचार गर्न रगत आवश्यक पर्दछ ।

कुनै पनि बिरामीको उपचारका क्रममा रगत आवश्यक हुन गएमा अर्को स्वस्थ मानिसलाई रक्तदान गराउनुबाहेक अर्को विकल्प छैन । आफ्नो शरीरको अमूल्य रगतबाट अरूको जीवन बचाउन सकिने भएकाले नै रक्तदानलाई जीवनदान भन्ने गरिएको हो । हामीले शरीरमा भएको रगत दान नगरे पनि तीन महिनामा त्यो रगत त्यत्तिकै खेर जान्छ । खेर जाने रगत दान गर्दा कसैको ज्यान बच्छ भने किन नगर्ने भन्ने भावनाको विकास हुन जरुरी छ । त्यसैले रक्तदानभन्दा अर्को ठूलो पुण्य काम केही हुँदैन ।

### रक्तदान कतिपटक गर्न सकिन्छ ?

मानिसको शरीरमा रगत बोनम्यारोमा बन्छ । शरीरमा हरेक १२० दिनमा नयाँ रगत बन्दै जाने र पुरानो रगत नष्ट हुने गर्दछ । पुरुषमा ७६ र महिलामा ६६ मिलिलिटर प्रतिकिलोग्राम रगत हुन्छ । मानिसलाई दैनिक काम गर्नका लागि ५० मिलिलिटर रगत प्रतिकिलोग्राम आवश्यक पर्दछ । एकजना स्वस्थ एवं ४५ किलोग्राम तौल भएको व्यक्तिले आठ मिलिलिटर प्रतिकिलोग्राम अर्थात् ३६० मिलिलिटर रगत सजिलैसँग दान गर्न सक्छ । यो रगत दिँदा हाम्रो शरीरमा कुनै कमजोरी हुँदैन । दान गरेको रगतको परिणाम कुनै पनि ३६० मिलिलिटर पेयपदार्थबाट र दैनिक खानपानबाट केही दिनमा आफैं बनेर पूर्ति हुने भएकाले रक्तदान गर्न सकिन्छ । रगत निकाल्दा यसले कमजोरी बनाउँदैन तर आफ्नो शरीरमा सञ्चालन भएको रगत एकाएक निकाल्दा रगतका कोशिका र नसाहरूमा केही गडबड भने हुन्छ । यसले कसैकसैलाई केही अप्ठ्यारो हुन्छ तर तरल पदार्थको यथेष्ट खाएका एक-दुई दिनमा नै यथारूपमा आउँछ ।

एउटा स्वस्थ व्यक्तिको शरीरमा चारदेखि पाँच लिटर रगत हुन्छ । त्यसमध्येबाट ३५० मिलिलिटर मात्र रगत लिइरहेका हुन्छौं । दुर्घटना, प्रसूति, शल्यक्रिया तथा अन्य रोगका कारण शरीरमा रगतको कमी भएका बिरामीलाई रगत दान गरी उनीहरूलाई बचाउन सकिन्छ । विश्वभरि रक्तदान गर्नेमध्ये एक प्रतिशतभन्दा कमले मात्र सयौंपटक रक्तदान गर्न सकेका छन् । नेपालको परिपेक्ष्यमा १८ वर्ष पूरा भएका, ६५ वर्ष ननाघेका र ४५ किलो वजनका भएका व्यक्तिले हरेक ९० दिनमा रक्तदान गर्न सक्छन् । अमेरिका र क्यानडामा हरेक ५६ दिनमा रक्तदान गर्न सकिन्छ भने १६ वर्ष पुगेका र ७५ वर्ष ननाघेका व्यक्तिहरूले वर्षमा छ पटकसम्म रक्तदान गर्न सक्छन् ।

### रक्तदानप्रति युवाको आकर्षण कसरी बढाउने ?

नेपालमा पछिल्लो समय रक्तदानबारे सचेतना त बढेको छ, तर अभावलाई पूर्ति गर्न सकेको छैन । दाताहरू पनि रक्तदान गर्न सहजरूपमा उपस्थित हुँदैनन् । रगतको स्रोत स्वस्थ्य युवाहरू नै हुन् । रक्तदान जीवनदान भन्ने कुरा सबैलाई थाहा छ । रगत दिएर अरूलाई बचाउन सकिन्छ भन्ने पनि थाहा छ, तर पनि युवाहरू रक्तदानमा सहभागी हुँदैनन् । आमरूपमा रक्तदान गर्नुपर्छ भन्ने चेतना जगाउन जरुरी छ । अहिले काठमाडौंमा प्रतिदिन झण्डै ५०० युनिट रगत चाहिन्छ । तर स्वयंसेवीहरूबाट करिब १५० युनिटमात्र रगत दान गरेको पाइन्छ । यसले गर्दा दैनिक झण्डै ३०० बिरामीले रगत नपाउने स्थिति छ । नेपालको जनसंख्या करिब तीन करोडमध्ये एक प्रतिशतले पनि रक्तदान गरेका छैनन् । देशभरिमा झण्डै सवा तीन लाख युनिट रगत चाहिन्छ । गत वर्ष लगभग दुई लाखले मात्र रक्तदान गरेका थिए ।

प्रवीणता प्रमाणपत्र तहमा अंग्रेजी पाठ्यपुस्तकको 'द ब्लड डोनर' पाठबाट प्रेरित भई रक्तदान कार्यमा आफूलाई समर्पण गरेको मैले विगत ४० वर्षदेखि निरन्तर रक्तदानको माध्यमबाट बिरामीलाई नयाँ जीवन दिँदै आएको छु । युवाहरूमा रक्तदानको महत्त्वबारे अवगत गराउन विद्यालय, विश्वविद्यालयका पाठ्यक्रमहरूम रक्तदानसम्बन्धी पाठ्यसामग्री समावेश गर्नु जरुरी छ । पाठ्यपुस्तकमा रक्तदानबारे एउटा सानो पाठ राखिदियो भने ती विद्यार्थीलाई रक्तदान गर्न उत्प्रेरणा मिल्छ । रक्तदानको महत्त्वबारे समाजमा अझै अनेक अविश्वास, भ्रम र चेतनाको अभाव रहेको पाइन्छ । त्रिवि मातहतको सरस्वती क्याम्पसको समाजशास्त्र विभागले सन् २०२२ मा गरेको रक्तदानबारे सामाजिक बुझाइसम्बन्धी अध्ययनमा पनि अझै यो अवस्था रहेको पाइएको छ । अध्ययनमा नेपालमा रक्तदानको दर न्यून रहेको, अत्यावश्यक अवस्थामाबाहेक रक्तदान गर्न तयार नरहेको, रक्तदान गर्दाका असर र फाइदाबारे जानकारी नभएको, सामाजिक चेतनाको अभाव, रक्तदानका लागि उत्प्रेरणा बढाउन नसकिएकोलगायतका विषय औंल्याएको छ । अर्को कुरा रक्तदानसम्बन्धी काम गर्ने नेपाल रेडक्रसको रक्तसञ्चार सेवा, नेपाल सरकारको केन्द्रीय रक्त ब्युरोले रक्तदान कार्यक्रम बढाउनका लागि स्थानीय संघसंस्थालाई प्रोत्साहन गर्नुपर्छ ।

### रक्तदानको अभियान

'म एक्लैले यस संसारलाई दयारूपी संसारमा बदल्न सक्दिनँ तर संसाररूपी पानीमा एउटा पत्थर फ्याँकेर समाज सेवाको हलचल मच्चाइ मानव सेवाका लागि मनुष्यमा दया पैदा गर्न सक्छु' भन्ने मदर टेरेसाको भावनाबाट प्रेरित भएर नै मैले पनि रक्तदानको अभियानलाई विश्वव्यापी बनाउन खोजेको हुँ । मान्छेहरूलाई बचाउन सकुँ र समुदायलाई पनि उत्प्रेरणा दिने नै मेरो अभियान रहेको छ । रगत दान गर्दा कमजोरी भइन्छ भन्नेहरूका लागि रक्तदान गरेर कमजोरी हुँदैन भनेर बुझाउनु मेरो अर्को उद्देश्य हो ।

बिरामीलाई रगत उपलब्ध गराउन, युवाहरूलाई रक्तदान गरेर कमजोर भइँदैन भनेर बुझाउनका लागि १९९० डिसेम्बर ५ मा रक्तदान गरेको एक घण्टापछि विभिन्न जिल्लाहरूमा साइकलयात्रा गरेको थिएँ । सन् २०२२ नोभेम्बरसम्म विश्वका छवटै महादेशका १४ वटा देशमा पुगी त्यहाँ बसोबास गरेका नेपाली समुदायमा रक्तदान गर्न उत्प्रेरणा गरेको छु र आफूले पनि २०५ पटक रक्तदान गरेको छु । यस अभियानबाट ६१५ जना बिरामीलाई बचाउन सक्नु आफैंमा असाधारण काम हो भन्ने लाग्दछ ।

प्राकृतिक प्रकोप, दुर्घटना र युद्धमा घाइते भएका मानिसलाई बचाउन रगतको ठूलो भूमिका हुन्छ । रगत खेर जाने चिज होइन, यो सबैलाई चाहिने कुरा हो, असहय भएर पनि अरूलाई रगत दिनु र उसलाई बचाउनु चानचुने कुरा होइन । मेरो रक्तदानको यात्रा एउटा देश वा भूगोलमा सीमित छैन । मैले आफ्नै साधन, स्रोत, समयमा यो अभियानलाई विश्वव्यापी बनाउने जमर्को गरेको हुँ । यसले विश्वमा नेपालको परिचय गराउन मद्दतमात्र पुगेको छैन, मानवीय भावनाको विस्तार पनि भएको छ । अझै ५० वर्षसम्म पनि रगतको विकल्प आउन कठिन रहेकाले देश र विदेशमा पुगेर रक्तदानको आवश्यकता, महत्त्व र उपयोगिताका बारेमा जनचेतना बढाउने मेरो अभियान कायमै रहने छ ।

*(लामो समयदेखि अमेरिकामा बस्दै आएका मैनालीसँग हालै नेपाल भ्रमणमा आएको अवसर पारेर राससका आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित) ।*

## पत्र-मञ्जुषा

# सहकारीविरुद्ध उजुरी दिनै सकस

सहकारीले बचत फिर्ता नगरेको वा भागेको भन्दै दिनमा हजारौं सर्वसाधारण स्थानीय तह, सहकारी विभाग र प्रहरी चौकी धाइरहेका छन् । राजधानीको मीनभवनस्थित सहकारी विभागमा सोमबार २०० भन्दा बढी बचतकर्ता देखिन्थे । उनीहरू विभिन्न जिल्लाबाट आएका थिए । सहकारीले आफ्नो रकम फिर्ता नगरेको वा भागेको उनीहरूको गुनासो थियो ।

तर, सहकारी विभागका रजिस्ट्रार पिताम्बर घिमिरे र उपरजिस्ट्रार टोलराज उपाध्यायले उजुरी नलिई बचतकर्तालाई फर्काए । विभागमा आएका पीडित बचतकर्तालाई बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयमा जान भन्दै उनीहरूले फर्काइरहेका थिए ।

एकातिर सहकारीले पैसा खाइदिएको छ, अर्कोतिर सम्बन्धित निकाय उजुरी पनि लिँदैन । उपत्यकाबाट हेटौंडा पुग्न झण्डै एक-दुई दिन लाग्छ । अनि त्यहाँ पुगेर उजुरी दिन थप दुई दिन लाग्छ । त्यति समयसम्म त्यहाँ बस्नका लागि पैसा पनि हुनुपर्‍यो फेरि । झण्डै २० हजार रूपैयाँ खर्च लाग्छ ।

अनि चार दिनको काम माया मार्न नसक्ने र २० हजार नहुने बचतकर्ताहरूले उजुरी पनि दिन नपाउने ? मन्त्रालय हेटौंडामा छ । तर, सहकारीले ठगेको पीडितहरू भने उपत्यकामा छन् । प्रदेशको संस्कृति, पर्यटन तथा सहकारीमन्त्री पुकार महर्जन र सचिव हरि शरण पुडासैनीले अब राजधानीमा सहकारीको उजुरी लिने कार्यालय खुल्नुपर्छ ।

राजधानीमा मात्र होइन, बागमतीका १३ वटै जिल्लामा सहकारीको उजुरी लिने कार्यालय खोल्नुपर्छ । कार्यालय खुलेमा पीडित बचतकर्ताहरूले सहजरूपमा उजुरी दिन पाउने छन् । न समय खेर जान्छ न पैसाको नै आवश्यकता पर्छ । अधिकांश सहकारी प्रदेशमा दर्ता भएको बुझिएको छ । त्यही सहकारीले बचतकर्ताको रकम फिर्ता गरेको छैन । रातारात सहकारी गायब बनाइएको छ ।

सो सहकारीविरुद्ध उजुरी दिन बचतकर्ताहरू स्थानीय तह, प्रहरी चौकी र सहकारी विभाग गए । तर, आफ्नो कार्यक्षेत्रभित्र नपर्ने भन्दै कुनै पनि निकायले उजुरी लिन मानेन । र, प्रदेशको सहकारी मन्त्रालय जान भन्यो । पढलेख नभएका व्यक्तिहरूले समेत सहकारीलाई बैंकजस्तो सोचेर बचत गरेका थिए ।

अहिले सहकारीका पीडित कतिपय बचतकर्ता भन्छन्, 'राष्ट्र बैंकका कारण हामी डुब्यो ।' सहकारी खोल्न राष्ट्र बैंकले स्वीकृति दिएको भन्दै उनीहरू राष्ट्र बैंकप्रति खनिन्छन् । तर, अधिंकाशलाई थाहा छैन कि सहकारी खोल्न राष्ट्र बैंकले स्वीकृति दिएको होइन । सहकारी विभागले सहकारी दर्ता गरेको हो । अहिले सहकारीले बचतकर्ताको रकम फिर्ता नगरेपछि सहकारी विभाग उजुरी लिन मान्दैन । आफ्नो कार्यक्षेत्रभित्र नपर्ने भन्दै पन्छिन्छ ।

अनि आफ्नो कार्यक्षेत्रभित्र पर्दैन्थ्यो भने हिजो किन सहकारीचाहिँ दर्ता गर्‍यो विभागले ? अब यसको जवाफ विभागले दिनैपर्छ । अहिले बचतकर्ताहरू सहकारीको कार्यालय जाँदा ढोकामा ताल्चा झुण्डाएको हुन्छ । ताल्चा नलगाएकोमा पनि सहकारीले रकम फिर्ता गर्दैन ।

हिजो काठमाडौं उपत्यकामा सहकारी खोलियो । बढी ब्याजको प्रलोभन देखाएर उपत्यकाबासीलाई बचत गर्न लगाइयो । तर, अहिले बचत फिर्ता माग्न जाँदा बचतकर्ताहरूलाई रामेछापको जग्गा लिन दबाब दिइन्छ । त्यो पनि पैसा थपेर । जग्गाको मूल्य बुझ्दा आनाको एक लाख पर्दैन । तर, बचतकर्तालाई जबरजस्ती ३५ लाख आनामा भिडाउन खोजिरहेका छन्, सहकारीहरू ।

सहकारीमन्त्री रन्जिता श्रेष्ठले अहिलेसम्म बचतकर्ताको रकम फिर्ता गर्नका लागि कुनै कदम चालेकी छैनन् । सहकारी खोल्न सरकारले स्वीकृति दियो । सहकारीसँग कर पनि सरकारले नै लियो । तर, अहिले सहकारी भागेपछि भने बचतकर्तासँग उजुरी लिन मान्दैन, सहकारी विभाग । हिजो सहकारी खोल्न भने लाइसेन्स दिने, कर उठाउने अनि अहिले आएर उजुरी दिनचाहिँ प्रदेश जानु भनेर भन्न सुहाउँछ ? विभागले यसको जवाफ दिनुपर्छ ।

सहकारीले बाटोमा साग बेच्नेदेखि मकै पोल्ने, घरायसी काम गर्ने, सानो किराना पसल गर्नेसमेतको रकम खाइदिएको छ । सहकारीका सञ्चालकहरू बचतकर्ताको निक्षेप फिर्ता गर्दैनन् । तर, प्रदेश वा संघको सहकारीमन्त्री र सचिवलाई लाखौं रकम खुवाएर आफ्नो सहकारी समस्याग्रस्त घोषणा गर्नबाट जोगाइरहेका छन् ।

एकातिर पैसा खुवाएर सहकारी समस्याग्रसत घोषणा हुनबाट जोगाउने र अर्कातिर बचतकर्ताहरूबाट उजुरी नलिन दबाब दिने काम सहकारीका सञ्चालकहरूले गर्दै आइरहेका छन् । यसले बचतकर्ताहरू नराम्ररी डुब्नेसमेत देखिएको छ । किनकि सम्बन्धित निकायले उजुरी नलिएपछि कसरी कारबाहीको प्रक्रिया अघि बढ्छ ? कसरी बचतकर्ताले रकम फिर्ता पाउँछन् ?

*– रूषा थापा, भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**सुस्तालाई नेपाली भूमिसँग जोड्ने पुल**

नवलपरासी (बर्दघाट-सुस्तापश्चिम) स्थित बहुचर्चित भूमि सुस्ता जोड्ने गरी सुस्ता गाउँपालिका-५ पक्लिहवास्थित नारायणी नदीमाथि निर्माणाधीन 'त्रिवेणी-महेशपुर (सुस्ता) मल्टिस्पान झोलुंगे पुल' । निर्माणको अन्तिम चरणमा रहेको एक हजार ५७१ मिटर लामो झोलुंगे पुल निर्माणपछि सुस्ताका बासिन्दा सीधै नेपाली भूमिसँग जोडिने छन् । *तस्बिरः टेकराज पोखरेल/रासस*

# काम नगर्ने निर्माण व्यवसायीलाई ठेक्कैठेक्का

■ **हेमन्त केसी**

**जाजरकोट-** जाजरकोटका तीन पालिकामा प्रदेश सरकारले निर्माण गर्न लागेका सडक, पुलहरूको ठेक्का लागेको लामो समय भए पनि निर्माण व्यवसायीले काम नगर्दा सर्वसाधारणले हैरानी खेप्नुपरेको छ । कतिपय ठाउँमा पुल निर्माण नहुँदा मानिसको अकालमै ज्यान गएको छ ।

नलगाड नगरपालिका, जुनिचाँदे गाउँपालिका र छेडागाड नगरपालिकामा नेपाल मेघा सिस्ने जेभीले लिएका ठेक्का अलपत्र परेका छन् । कर्णाली प्रदेश भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको जाजरकोटस्थित पूर्वाधार विकास कार्यालयमार्फत ती ठेक्का भएको थियो । बहुवर्षे नाम दिइएको उक्त ठेक्काको काम सुरु नहुँदा कार्यालय प्रमुखदेखि अन्य सरोकारवालालाई टाउको दुखाइको विषय बनेको छ । निर्माण व्यवसायीलाई काम गर्न पटकपटक कार्यालयले पत्र काट्छ, निर्माण व्यवसायी हुन्छ भन्छन् तर काम गर्दैनन् । जाजरकोटमा मात्र तीनवटा ठेक्का अलपत्र पार्ने नेपाल मेघा सिस्ने जेभीले अन्यत्र के गरेको होला खोजीको विषय बनेको छ ।

तीन करोड ९८ लाख रूपैयाँमा नलगाड नदीमाथि नलगाड नगरपालिका-५ सिर्के र बारेकोट गाउँपालिका-८ साघुतरामा पुल अलपत्र परेको छ । यसको म्याद सकिएको छ महिना भइसकेको छ । त्यहाँ अहिलेसम्म काम सुरु नै भएको छैन । त्यस्तै छेडागाड नगरपालिकाको साल्म खोलामा रहेको पुलसमेत अलपत्र छ । ४८ करोड ८० लाख १५ हजार रूपैयाँ निर्माण हुने उक्त पुलको ठेक्कासमेत यही जेभीले पाएको छ । २०७८ साउन २९ मा पुल निर्माण सम्झौता भएको थियो । यही माघ २८ गते म्याद सकिँदै छ । कामको प्रगति भने तीन प्रतिशतमात्र भएको पूर्वाधार विकास कार्यालय जाजरकोटका प्रमुख सोहिन्दर यादव बताउँछन् । यो पश्चिम जाजरकोटमा पर्ने छेडा-जुम्ला सडकको मुख्य पुल हो । यो पुल निर्माण नहुँदा पश्चिम क्षेत्रको यातायात सेवा प्रभावित हुँदै आएको छ ।

म्याद सकिन आठ दिनमात्र बाँकी रहँदा निर्माण व्यवसायीले पुल निर्माणतर्फ चासो देखाएका छैनन् । कार्यालयले आधा दर्जन पत्र काटिसके पनि पुल निर्माणको काम अघि बढ्न सकेको छैन । यही सडकखण्डको छेडा, थालह सनाखोला चाँदे जुम्ला सडक, जुनिचाँदेमा काम नहुँदा अलपत्र छ । ३० किलोमिटर सडक निर्माण गर्नुपर्ने भए पनि नेपाल मेघा सिस्नेले काम नगर्दा अलपत्र पर्दै आएको हो । १५ करोड ५२ लाख रूपैयाँमा सम्झौता भएको उक्त सडकको अहिलेसम्म दुई प्रतिशतमात्र काम भएको छ । यो सडक निर्माण गरिसक्नुपर्ने अन्तिम मिति २०८२ पुस ४ गतेसम्म हो । २०७८ पुस ५ गते सम्झौता भएको थियो । २४ लाख ७१ हजार रूपैयाँमात्र यो सडकमा खर्च भएको छ ।

पश्चिम जाजरकोटको पुल र सडकका विकासको बाधकका रूपमा उक्त जेभी देखापरेको स्थानीयवासी बताउँछन् । समयमै काम नगर्दा पश्चिम जाजरकोटको सडक मृत्युमार्गजस्तै भएको जुनिचाँदेका रेशम खड्काले बताए । सडक तथा पुल निर्माणको ढिलाइका विषयमा कार्यालयले गरेको ताकेतासमेत निर्माण व्यवसायीले नटेर्दा प्रशासनको सहयोग लिनुपरेको छ । प्रशासन कार्यालयको पनि जिल्लामा भएका विकास निर्माणका काममा खासै चासो नभएको खड्काले बताए ।

जिल्लाबाट निर्वाचित भएर गएका जनप्रतिनिधि विकास निर्माण हुने गरेको ढिलासुस्तीका विषयमा मुकदर्शक भएको आरोप लाग्दै आएको छ । त्यस्तै बारेकोट गाउँपालिका-२ र ५ को बीचमा रहेको घाटस्थित नलगाड खोलाको पुल निर्माण अलपत्र छ । एकमात्र पिल्लर उठाएर बीचमा काम रोकिएको छ ।

नारायनम् निर्माण सेवा नेपालगञ्ज १८ बाँकेले लिएको उक्त पुलको काम चार करोड ६५ लाख चार हजार ८५२ रूपैयाँमा लिएको थियो । २०७९ जेठ २३ गते सम्झौता भएको उक्त पुलको गत मंसिरमा म्याद सकिएर पुनः थपी २०८१ मंसिर २२ बनाइएको छ । एक करोड ४० लाख चार हजार ९११ रूपैयाँमा निर्माण व्यवसायीले भुक्तानी लिएको कार्यालयले जनाएको छ । हालसम्म ३० प्रतिशतमात्र काम भएको कार्यालयले जनाएको छ । सुरुमा निर्माण व्यवसायीले काम राम्रो गरे पनि पछिल्लो समयबीचमै छोडेर सम्पर्कविहीन भएको कार्यालय प्रमुख यादवले बताए । पटक-पटक पत्र काटेर छलफलमा आई काममा लाग्न आग्रह गर्दा पनि निर्माण व्यवसायीले नसुनेको उनको गुनासो छ । निर्माण व्यवसायीसँग सम्पर्क गर्दा फोन नउठी प्रतिक्रिया लिन सकिएन ।

जिल्लामा विकास निर्माणको काम अलपत्र पर्दासम्म यहाँका जनप्रतिनिधि साना गोष्ठी, सभा र उद्घाटनका कार्यक्रममा रमाइरहेको आरोप स्थानीयवासीले लगाउँदै आएका छन् । जिल्लामा भएका सबैखालका बेथितिका विषयमा कोही पनि बोल्ने आँट नगर्ने स्थिति किन आयो नेकपा समाजवादीका जाजरकोट अध्यक्ष कमानबहादुर खड्का भन्छन् । जता हेरे पनि चित्त बुझाउने ठाउँ नभएको उनले बताए । जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत तथा सूचना अधिकारी हरिश्चन्द्र शर्मा भने गुनासो आएपछि मात्र छलफल हुने गरेको बताउँछन् । गुनासो नआउँदासम्म केही थाहा नहुने उनको भनाइ छ । *रासस*

# सडक निर्माण प्रदेश सरकारको प्राथमिकता

**गोरखा (प्रस)-** गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशभित्रका पालिका र वडाहरूमा बाह्रै महिना चल्नसक्नेगरी मुख्य सडक निर्माण गण्डकी प्रदेश सरकारको प्राथमिकता रहेको बताएका छन् ।

आरुघाट गाउँपालिकाले मंगलबार यहाँ आयोजना गरेको भेटघाट तथा छलफल कार्यक्रममा उनले प्रदेशभित्रका केही पालिकामा अझै पनि सडक सञ्जाल नपुगेको भन्दै त्यसता पालिकामा आगामी आर्थिक वर्षसम्म सडक सञ्जाल पुर्‍याउने प्रतिबद्धता व्यक्त गरे ।

सडक सञ्जाल नपुगेका पालिका तथा वडामा सडक सञ्जाल पुर्‍याउने प्रदेश सरकारको आगामी आर्थिक वर्षको पहिलो प्राथमिकता हुने उनको भनाइ छ । 'जुन-जुन पालिका र वडामा अहिले बाटोले छोएको छैन ती सबै ठाउँमा सडक सञ्जाल पुर्‍याउने प्रदेश सरकारको लक्ष्य छ,' मुख्यमन्त्री पाण्डेले भने, 'पालिकामा हिउँद र बर्खामा यातायात चल्नसक्ने सडक पुर्‍याएपछि वडाको केन्द्रमा पुर्‍याउने र क्रमशः त्यसलाई स्तरोन्नति गर्दै जाने हो ।'

उनले गाउँको मुख्य बाटोलाई सबैले प्राथमिकतामा राख्नुपर्ने धारणा राखे । मुख्यमन्त्री पाण्डेले पछाडि परेका मनाङ, मुस्ताङ र उत्तरी गोरखाको विकासलाई अन्य क्षेत्रमा जस्तै समानुपातिक ढंगले अघि बढाउनुपर्ने धारणा राखे ।

'मनाङको लार्फाभूमि गाउँपालिकामा अझै सडक सञ्जाल पुगेको छैन, चुमनुब्री गाउँपालिका भर्खरमात्र सडक सञ्जाल पुगेको छ,' उनले भने, 'अब ती क्षेत्रमा पनि सडक सञ्जाल पुर्‍याउनेछौं ।'

मुख्यमन्त्री पाण्डेले बूढीगण्डकी जलविद्युत् आयोजना जतिछिटो सम्पन्न गर्नसके यसले गोरखा र धादिङको आर्थिक विकास हुने बताए । आयोजना निर्माणबाट राज्यले लिने लाभमात्र नभएर डुबान क्षेत्रका बासिन्दाले पनि फाइदा लिनसक्ने उनको भनाइ छ ।

'आयोजना निर्माणपछि बन्ने जलाशय, पर्यटकीयस्थल र स्थानीयले प्राप्त गर्ने स्वरोजगारको सम्भावनाले गर्दा पनि डुबान क्षेत्र असाध्यै अगाडि बढ्न सक्छ,' उनले भने, 'त्यसैले जतिसक्दो चाँडो आयोजना निर्माणका लागि औपचारिक र अनौपचारिक तवरबाट हामीले छलफल गरिरहेका छौं ।'

मुख्यमन्त्री पाण्डेले आयोजनाको निर्माणका लागि स्पष्ट ढाँचासहित सबै सकारात्मक रहेको भए पनि गति लिन भने नसकेको बताए ।

'आयोजना निर्माणको अन्योलता अझै चिरिएको छैन । प्रधानमन्त्रीले आयोजना निर्माणको काम छिटो सुरु गर्ने प्रतिबद्धता पनि जनाइराख्नुभएको छ तर निर्माणको काम जसरी अघि बढ्नुपर्ने हो त्यो हुन सकेको छैन,' उनले भने । उनले योजनाको प्रभावकारी अनुगमन गर्न प्रदेश सरकारले अनुगमन समिति बनाएको बताए ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८०/१०/१५ गते काठमाडौं जिल्ला, टोखा म.न.पाको ग्रिनल्याण्ड चोक स्थित पार्किङ गरिराखेको अवस्थामा Pulsar NS 200 cc खरानी रंगको मोटरसाइकल दिनको अन्दाजी २:१५ बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**सवारी धनी : गौतम थापा**
**बाइक नं.: बा .प्र.०३-००५ प ३७२४**
**च्यासिस नं.: MD2A36FX0MCG94077**
**इन्जिन नं. : JLXCMG 19442**
**ठेगानाः हर्नामाडी-५, मकवानपुर**
**सम्पर्कः ९८४१४६४२१४**



**ZERO COST RECRUITMENT Opportunity For Qatar!!**
**शुन्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारको अवसर ।**

कम्पनी : **MAHAD MANPOWER CO. WLL**
पूर्व स्वीकृति मिति २०८०/१०/२२ | LT. No. 299432 | चलानी नं ६०२१४४०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1400 | ५१,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Cleaner Worker | 1 | 0 | 1000 | ३६,७८० | | | | | | | |
| 3 | Hr Officer | 0 | 1 | 4600 | १६९,१९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २ गते (14th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९८१/०६७/०६८
**MAHAD MANPOWER PVT. LTD.**
Tinkune, Kathmandu, Nepal Tel No: +977-1-4112456/ 411 2457
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com



नेपाल सरकार
**वन तथा वातावरण मन्त्रालय**

**बागमती प्रदेशको ललितपुर जिल्लाको गोदावरी नगरपालिका वडा नं. ६ मा प्रस्तावित सूर्यदल गणको भौतिक पूर्वाधार निर्माणको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय सुझावको लागि आह्वान गरिएको सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मितिः- २०८०/१०/२४

प्रस्तावक श्री सूर्यदल गण गोदावरी नगरपालिका वडा नं. ६ ललितपुर रहेको बागमती प्रदेशको ललितपुर जिल्लाको गोदावरी नगरपालिका वडा नं. ६ मा प्रस्तावित सूर्यदल गणको भौतिक पूर्वाधार निर्माणको प्रस्ताव गरी उक्त आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन यस मन्त्रालयमा प्रस्तावकले पेश गरेको छ ।

प्रस्तावको प्राप्त प्रतिवेदन अनुसार बागमती प्रदेशको ललितपुर जिल्लाको गोदावरी नगरपालिका वडा नं. ६ मा प्रस्तावित सूर्यदल गणको भौतिक पूर्वाधार निर्माण दम्सीडोल सामुदायिक वनले व्यवस्थापन गरिरहेको नेपाल सरकारको स्वामित्व भएको १६ हेक्टर वनको जग्गामा निर्माण गरिने तथा यसको Built-up Area ८६८८ वर्गमिटर हुने प्रस्ताव गरिएको छ । यो ब्यारेक निर्माण गर्दा बहुउद्देश्य खेलकुद हल, अधिकृत आवाश, गणपति आवाश, शौचालय, केन्द्रीय मेश आदि संरचना निर्माण गर्न प्रस्ताव गरिएको छ । यस प्रस्तावको लागि पानीको कुल माग २,००,००० लिटर प्रतिदिन रहेको र पानी श्रोत मुलको पानी रहेको उल्लेख छ । ब्यारेकबाट फोहोर निस्कासन २००-३०० के.जी. प्रतिदिन हुने प्रतिवेदनमा उल्लेख छानेपाल सरकारको स्वामित्व भएको वन क्षेत्र १६ हेक्टर जग्गा आयोजनालाई आवश्यक पर्ने प्राप्त प्रतिवेदनमा उल्लेख गरिएको छ ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन पढ्न वा उतार गरि लैजान पाउने व्यवस्था रहेकोले श्री सूर्यदल गण गोदावरी नगरपालिका वडा नं. ६ ललितपुर प्रस्तावक रहेको सूर्यदल गणको भौतिक पूर्वाधार निर्माणको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन देहाय बमोजिमका स्थानहरुमा र वन तथा वातावरण मन्त्रालयको *Website: www.mofe.gov.np* मा समेत सार्वजनिक गरिएको छ । प्रतिवेदनमा उपयुक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय-सुझावहरुलाई समेत ध्यानमा राखिनेछ । उक्त प्रतिवेदन सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिन भित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचना द्वारा आव्हान गरिन्छ ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरू:**
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाडौं ।
श्री रक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री नेपाल राष्ट्रिय पुस्तकालय, सानो ठिमी, भक्तपुर । (फोन नं. ०१-६६३९६२०)
श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रिय पुस्तकालय, कीर्तिपुर, काठमाडौं ।
श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, सिनामंगल, काठमाडौं । फोन नं. ०१-५९१५३७६)
श्री जिल्ला समन्वय समितिको कार्यालय, ललितपुर ।
श्री गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यलय, ललितपुर ।

राय सुझाव पठाउने ठेगाना
वन तथा वातावरण मन्त्रालय
वातावरण प्रभाव अध्ययन शाखा
सिंहदरबार, काठमाडौं । फोन नं. ०१-४२११५६७, ४२११६३८
फ्याक्स नं. ०१-४२११८६८, ईमेलः- *info@mofe.gov.np*



**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **PICK FRESH SUPERMARKET**
पुर्व स्वीकृति मिति २०८०/१०/२२ | LT. No. 299490 | चलानी नं. ६०२१४४१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 0 | 1300 | ४७,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1500 | ५५,१७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २ गते (14th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAAD OVERSEAS PVT.LTD.**
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **TAFNEED GENERAL CONTRACTING COMPANY**
पूर्व स्वीकृति मिति : २०८०/१०/२२ | LT. No. 299477 | चलानी नं.६०२१४४१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 1 | 0 | 1000 | ३५,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २ गते (14th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUHASHA LINK PVT. LTD.**
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4382668, 4362338, Fax: 01-4362338



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **RESTORAN LAI LAI HUAT**
पूर्व स्वीकृति मिति २०८०/०५/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२३ | LT. No. 291814 | चलानी नं. ६०२०६९६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 5 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २ गते (14th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.**
श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **MULTIPLEX CLEANING & CONT. WLL**
पूर्व स्वीकृति मिति २०८०/०४/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२३ | LT. No. 289954 | चलानी नं. ६०२०५२५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Director | 0 | 1 | 6000 | २१६,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 3 | Cashier | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 4 | Electrician | 3 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 5 | Foreman | 1 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 6 | General Clean Worker | 15 | 24 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Helper | 1 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 8 | Labour | 10 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 9 | Manager Variety | 1 | 0 | 6000 | २१६,०५० | | | | | | | |
| 10 | Mason | 4 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 11 | Painter | 2 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 12 | Plaster Worker | 5 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 13 | Plumber | 1 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 14 | Receptionist | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 15 | Salesman | 1 | 0 | 1700 | ६१,२१५ | | | | | | | |
| 16 | Supervisior | 11 | 1 | 2500 | ९०,७३० | | | | | | | |

कम्पनी : **CITIZEN CONTRACTING CLEANING AND SERVICES**
पूर्व स्वीकृति मिति २०८०/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२३ | LT. No. 291780 | चलानी नं. ६०२०७०३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 11 | 0 | 2500 | ९०,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Data Analyzer | 1 | 0 | 4000 | १४५,४८० | | | | | | | |
| 3 | Data Entry | 9 | 22 | 1000 | ३६,३०० | | | | | | | |
| 4 | Foreman | 3 | 0 | 3000 | २१६,०५० | | | | | | | |
| 5 | General Clean Worker | 0 | 4 | 2500 | ९०,७३० | | | | | | | |
| 6 | Labour | 1 | 0 | 6000 | २१८,२२१ | | | | | | | |
| 7 | Manager Variety | 2 | 0 | 2000 | ७२,७४० | | | | | | | |
| 8 | Marketing Represent | 8 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 9 | Painter | 4 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 10 | Representative | 3 | 0 | 2000 | ७२,७४० | | | | | | | |
| 11 | Sales Supervisor | 4 | 0 | 1200 | ४३,६४४ | | | | | | | |
| 12 | Salesman | 1 | 0 | 3500 | १२७,२९५ | | | | | | | |
| 13 | Supervisior | 0 | 2 | 1500 | ५४,५५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १ गते (13th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

प्रभाव दैनिक

रूपशाला

बुधबार २४, माघ २०८० (Wednesday, February 7, 2024)



## केकीको 'बोक्सीको घर' वैशाखमा प्रदर्शन हुने

अभिनेत्री केकी अधिकारीको अभिनय तथा निर्माण रहेको फिल्म 'बोक्सीको घर' वैशाखमा प्रदर्शनमा आउने भएको छ । वितरकसँगको छलफलबाट फिल्मको रिलिज मिति नयाँ वर्षको वैशाख १४ गतेका लागि तय भएको निर्माता समेत रहेकी अभिनेत्री केकीले जानकारी दिइन् । केकीकै होम प्रोडक्सनमा निर्माण भएको फिल्म ८ वर्षअघि मञ्चन भएको चर्चित नाटक 'बोक्सीको घर'माथि रहेर बनेको हो । नाटककै लेखक एवं निर्देशक सुलक्षण भारतीले फिल्म पनि निर्देशन गरेका हुन् । फिल्ममा केकीका अलवा सुपला सापकोटा, स्वेच्छा राउत, सुलक्षण भारती, रमा थपलिया, सुष्मा निरौला, सबिन बास्तोला लगायतको अभिनय छ ।

# चौलागाईंको 'बिच्छेद'लाई दक्षिण एसियाली पुरस्कार

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रदर्शनको मिति नै तय भइनसकेको सत्यराज चौलागाईं निर्देशित चलचित्र 'बिच्छेद'ले दुई दक्षिण एसियाली चलचित्र पुरस्कार हात पारेको छ । चौलागाई निर्देशित फिल्म 'बिच्छेद'ले सर्वोत्कृष्ट छायाँकारबाट सङ्कल् भुजेल र सर्वोत्कृष्ट लेखक/स्क्रिप्टबाट सत्यराज चौलागाईं र मुकुन भुसालले सोमबार चितवनको सौराहामा सम्पन्न 'दक्षिण एसियाली चलचित्र महोत्सव २०८०'मा पुरस्कार जितेको हो ।

निर्देशक चौलागाईले महोत्सवका जुरी, आयोजकलाई धन्यवाद दिँदै प्राप्त भएको दुवै अवार्डको खुसी सामाजिक सञ्जाल मार्फत शेयर सबैमाझ साटेका छन् । मुकुन भुसाल र लक्ष्मी बर्देवाको मुख्य भूमिका रहेको फिल्ममा हिउँवाला गौतम, लय सङ्गौला, प्रिया रिजाल, सुष्मा निरौला, जीवन थापा, सरिता राजोपाध्याय, लक्ष्मीनाथ तिमिल्सिना, जयराम सापकोटा आदिको अभिनय छ ।

सामाजिक विषयमा बनेको फिल्म 'बिच्छेद' को निर्मातामा राज कुमार पण्डित, दिमेश श्रेष्ठ, सुवास राई र सावित्री बज्राचार्य छन् भने सह-निर्मातामा सन्तोस गिरी र प्रविन राजथला छन् । नविन पुरीले प्रोडक्शन डिजाइन गरेको फिल्म मा भुपेन्द्र अधिकारीको सम्पादन, समीर मियाको भिएफएक्स, किरण तुलाधरको ब्याकग्राउन्ड स्कोर तथा रेनिश फागोको कलर ग्रेडिङ छ । फिल्मको प्रदर्शन मिति फाइनल हुन बाँकी छ ।

# प्रियंकाद्वारा 'उप्स' पार्कको उद्घाटन

**काठमाडौं (प्रस)–** धुम्बाराहीमा नेपालकै पहिलो पारिवारिक मनोरन्जन पार्कको सुरुवात भएको छ।सोमबार एक औपचारिक कार्यक्रमका बीचमा 'उप्स' मनोरन्जन पार्कको औपचारिक उद्धाटन अभिनेत्री प्रियंका कार्कीले गरेकी हुन् ।



करिव १ महिना अगाडी देखि संचालनमा आएको थियो। रिवन काट्दै प्रियंका र संचालक टिमले औपचारिक उद्धाटन गरेका हुन् । सञ्चालक टिमलाई शुभकामना दिन गायिका इन्दिरा जोशी आफ्ना श्रीमानसँग पुगेकी थिइन् । 'उप्स' मा बच्चा देखि सिनियरसम्मले खेलको मनोरन्जन लिन सक्नेछन् । आर्केड, रिडेम्सन, भर्चुअल रियालिटी, सुटिङ, रेसिङ, जिपलाईन, क्लाइम्बिङ लगायत इण्डूअर र आउटडूअर खेलहरूको मनोरन्जन पार्कमा लिन सकिने संचालक टिमले जनाइएको छ । सस्तो मुल्यमा धेरै खेलहरू एकैठाउ खेलेर मनोरन्जन लिनु यो पार्कको मुख्य विशेषता हो । यसका साथै स-परिवार एकसाथ रूपमा पार्कमा गएर समय व्यतित गर्न सकिने छ । कार्यक्रममा बोल्दै प्रियंकाले सवै प्रकारका खेलहरू खेल्न सकिने ठाँउ आकर्षक बनेको बताइन् ।

प्रियंका भन्छिन्, 'सबै परिवार नै मिलेर खेल्न सकिने विभिन्न प्रकारका खेलहरू एकै ठाउँमा पाए। ठुलो स्पेसमा भएको कारण पनि धेरैले एकसाथ खेलको मज्जा लिन पाउनेछन् । 'छोरी आयंकासँग पुगेकी प्रियंकाले चाडै नै श्रीमान् आयुष्मान देशराज जोशी र परिवार नै लिएर आउने जानकारी गराइन् । भारतमास्थित होप उप भनिने फनपार्कको सहयोगमा यो फेमेली फन पार्क नेपालमा सञ्चालनमा आएको हो । नेपालकै पहिलो यो फेमेली फन पार्कलाई देशका अन्य स्थानमा पुऱ्याउने योजना सञ्चालक टिमले बनाएको छ । विभिन्न खेलको मज्जा एकै ठाउँ दिएर परिवारलाई नै मनोरन्जन दिलाउनु फन पार्कको मुख्य उद्देश्य रहेको सञ्चालकले जनाएको छ ।

# मोडलिङमा उत्साहित उत्साह

■ प्रभाव संवाददाता



**काठमाडौं–** उत्साह घिमिरे मोडलिङबाट उत्साहित छिन् । बागलुङकी करिब एक दशकयता उत्साह मोडलिङ क्षेत्रमा संघर्षरत छिन् । उनी भन्छिन्, 'रुचिले मोडलिङ सुरु गरेकी हुँ । आफ्नै इच्छाले रोजेको क्षेत्र भएकाले खुसी छु ।'

२०६७ सालदेखि म्युजिक भिडियो मोडलिङमा रमाउँदै आएकी उत्साहले हालसम्म तीन दर्जनभन्दा बढी भिडियोमा मोडलिङ गरिसकेकी छिन् । साथै, केही शर्ट फिल्ममा समेत काम गरिसकेकी उत्साह विशेषगरी फिल्ममा अभिनय गर्न रुचाउँछिन् ।

उनी भन्छिन्, 'मलाई मोडलिङका अलावा फिल्ममा पनि अभिनय गर्ने रुचि छ । समग्रमा भन्नुपर्दा ग्ल्यामरस क्षेत्र मेरो रुचिको विषय हो । मोडलिङ गर्दै जाँदा अवसर आयो भने फिल्ममा पनि काम गर्छु ।' उनी सानैदेखि मोडलिङमा रुची राख्थिन् ।

'मलाई सानैदेखि नृत्य र अभिनयमा रुचि राख्थेँ । मोडलिङ पनि सानैदेखि गर्न थालेकी हुँ । यो क्षेत्रमा लागेको एक दशकभन्दा बढी भयो' उनले भनिन् ।

कला क्षेत्रमा आफूलाई अब्बल बनाउन अभिनय र नृत्य सम्बन्धी प्रशिक्षण लिएकी उत्साह हिजोआज भने म्युजिक भिडियोहरूमै व्यस्त छिन् । उनलाई फुर्सदमा बस्न मन लाग्दैन । उनी भन्छिन्, 'फुर्सदमा बबरमहलस्थित सत्यवती कला केन्द्र जान्छु । जहाँ डान्स रिहर्ल्सल गर्छु ।'

सानैदेखि नृत्य र अभिनयमा रुचि राख्थेँ । मोडलिङ पनि सानैदेखि गर्न थालेकी हुँ । यो क्षेत्रमा लागेको एक दशकभन्दा बढी भयो ।

उत्साहले पहिलोपटक गायिका स्वरूपा रसाइलीले गाएको 'चाउचाउ नि खाएँ' बोलको तीज गीतमा मोडलिङ गरेकी हुन् । उनको मोडलिङ करिअर यही गीतमार्फत सुरु भएको उनी बताउँछिन् । तर, अहिले उनी सबै किसिमका गीतको भिडियोमा मोडलिङ गर्दै आएकी छन् । उनी भन्छिन्, 'पछिल्लो समय चाहिँ आधुनिक गीतमा बढी अफर आउने गरेको छ ।'

उत्साह मोडलिङमै करिअर देख्छिन् । उनी भन्छिन्, 'मोडलिङमा करिअर बनाउन सकिन्छ भनेरै यो क्षेत्रमा लागेकी हुँ । तर, त्यसका लागि संघर्ष र मिहिनेत गर्नुपर्छ । करिअरकै लागि संघर्ष गर्दै आएकी हुँ ।' तर, भविष्यमा यही बन्छु भन्ने उनले सोचेकी छैनन् । उत्साह भन्छिन्, 'अहिले नै यही बन्छु भनेर लक्ष्य लिएकी छैन । अहिलेसम्म त मोडलिङलाई नै अगाडि बढाइरहेकी छु । भविष्यका कुरा त्यतिखेर नै थाहा हुन्छ ।'

## रंगशाला

**प्रथम विश्वविद्यालय खेलकुद**

# त्रिभुवन विश्वविद्यालय च्याम्पियन



■ प्रभाव संवाददाता

**काठमाडौं –** त्रिभुवन विश्वविद्यालय (टियू) ले प्रथम विश्वविद्यालय खेलकुद प्रतियोगिताको उपाधि मंगलबार जितेको छ । २३ स्वर्ण समावेश प्रतियोगितामा टियू सर्वाधिक १८ स्वर्ण जित्दै समग्रमा टिम च्याम्पियन बन्यो । टियूले ८ रजत र ३ कांस्य पनि जित्यो ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) द्वारा आयोजित प्रतियोगितामा सुदूरपश्चिम विश्वविद्यालय ३ स्वर्ण, ४ रजत र ९ कांस्यसाथ दोस्रो भयो । तेस्रो स्थानको लुम्बिनी बौद्ध विश्वविद्यालयले १ स्वर्ण तथा समान २-२ रजत र कांस्य हात पाऱ्यो । बाँकी १ स्वर्ण नेपाल संस्कृत विश्वविद्यालयले हात पाऱ्यो । नेपाल संस्कृतले थप १-१ रजत र कांस्य पनि जित्यो ।

विभिन्न ४ खेल समावेश प्रतियोगिताको एथलेटिक्सको दोस्रो दिन टियूले थप ४ स्वर्ण जित्यो । टियूले पहिलो दिन ५ स्वर्ण जितेको थियो। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको १ सय मिटर दौडको पुरुषमा सुदूरपश्चिमका मुकेश विष्ट र महिलामा लुम्बिनीकी अनिशा कुँवर क्षेत्री, सटपुटको पुरुषमा टियूका वीरेन्द्र कुँवर र महिलामा टियूकी संचिता घिमिरे तथा ८ सय मिटर दौडको पुरुषमा टियूका विकेश घिमिरे र महिलामा टियूकी राज्यलक्ष्मी राउतले स्वर्ण जिते ।

ब्याडमिन्टनमा टियूकोकै वर्चस्व रह्यो। पाँच स्पर्धामा प्रतिस्पर्धा भएको ब्याडमिन्टनमा टियूले ४ स्वर्ण जित्यो । सुदूरपश्चिमले १ स्वर्ण हात पाऱ्यो । त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा भएको पुरुष सिंगल्समा टियूका सुनिल कार्की, महिला सिंगल्समा टियूकी निसम सुब्बा, पुरुष डबल्समा सुदूरपश्चिमका पुस्करराज भट्ट र प्रकाश विष्ट, महिला डबल्समा टियूका इस्मिता बढुवाल र निसम सुब्बा तथा मिक्स डबल्समा टियूका सुनिल कार्की र निसम सुब्बाले पहिलो स्थान हात पारे ।

टेबलटेनिसको पुरुष सिंगल्समा नेपाल संस्कृतका गनन्जय दाहाल तथा महिला सिंगल्समा लस्ता महर्जनले स्वर्ण जिते । दुवै टियूका हुन् । पुरुष भलिबलको उपाधिमाथि पनि टियूले नै कब्जा गऱ्यो । जावलाखेलस्थित राष्ट्रिय खेलकुद प्रशिक्षण केन्द्रमा भएको फाइनलमा टियूले मध्यपश्चिम विश्वविद्यालयलाई २५-१८ र २५-१६ को सोझो सेटमा पराजित गऱ्यो । पोखरा विश्वविद्यालयले कृषि तथा वन विश्वविद्यालयलाई १७-२५, २५-१७ र १५-७ ले हराउदै तेस्रो भयो ।

विजेतालाई राखेपका उपाध्यक्ष शिव कोइराला, निमित्त सदस्य-सचिव प्रकाशकुमार कुसारी, सदस्य पेमा डोल्मा लामा, त्रिभुवन विश्वविद्यालयका खेलकुद निर्देशक पशुपति अधिकारी, गण्डकी विश्वविद्यालयका खेलकुद संयोजक डा. मधुसदन सुवेदी, काठमाडौं विश्वविद्यालयका खेलकुद निर्देशक राजेन्द्र जोशी, प्रशासन विभागका प्रमुख प्रेमबहादुर मल्ललगायतले एक कार्यक्रमबिच पुरस्कृत गरे । दुईदिने प्रतियोगितामा १० विश्वविद्यालयका २ सय ८० खेलाडी सहभागी थिए ।

**साफ फुटबल च्याम्पियनसिप**

# नेपाल भारतसँग पराजित

■ प्रभाव संवाददाता



**काठमाडौं –** नेपाल दक्षिण एसियाली फुटबल महासंघ (साफ) यु-१९ महिला च्याम्पियनसिप फुटबल प्रतियोगिताबाट बाहिरिएको छ । लिग चरणको अन्तिम खेलमा सोमबार भारतसँग पराजित भएसँगै नेपाल प्रतियोगिताबाट बाहिरिएको हो ।

बंगलादेशको ढाकामा भएको खेलमा नेपाल भारतसँग ४-० गोलअन्तरले पराजित भएको हो । जितसँगै भारत प्रतियोगिताको फाइनलमा पुगेको छ । भारतले पहिलो खेलमा भुटानलाई १०-० गोलले हराएको थियो । दोस्रो खेलमा बंगलादेशसँग भने भारत १-० गोलले पराजित भएको थियो । यस्तै नेपाल पहिलो खेलमा बंगलादेशसँग ३- १ गोलले पराजित भएको थियो भने दोस्रो खेलमा भुटानसँग १-० गोलले विजयी भएको थियो ।

भारतसँगको खेलमा पहिलो हाफमा गोलरहित बराबरी खेलेको नेपालले दोस्रो हाफमा भने चार गोल खान पुग्यो । भारतका लागि नेहाले दुई तथा सुलन्जना राहुल र सिन्डी कोल्नीले एक एक गोल गरे । खेलको ५४औं मिनेटमा भारतका लागि नेहाले पहिलो गोल गरेकी थिइन् भने ८१औं मिनेटमा उनले दोस्रो गोल गरिन् । यस्तै खेलको ८५औं मिनेटमा सुलन्जनाले भारतका लागि तेस्रो गोल गरिन । दोस्रो हाफको अत्तिरिक्त समयमा सिन्डीले गोल गर्दै भारतलाई ४-० गोलको सहज जित दिलाइन् । अब फाइनलमा भारतले बंगलादेशको सामना गर्नेछ ।

**एसिसी वुमन्स प्रिमियर कप**

# नेपाली टोली घोषणा

**काठमाडौं (प्रस)–** नेपालले यसै सातादेखि मलेसियामा हुने एसिसी वुमन्स प्रिमियर कप खेल्ने टोली घोषणा गरेको छ । नेपाल क्रिकेट संघ क्यानले टोली घोषणा गरेको हो । दुई प्रमुख खेलाडी डली भट्ट र कविता कुँवरलाई टोलीमा समेटिएको छ ।

इन्दु बर्माको कप्तानीमा घोषणा गरिएको टोलीमा डली भट्ट र कविता कुँवरले टोलीमा पुनरागमन गरेका हुन्। हिटर भट्ट यसअघि अष्ट्रेलिया गएकाले टोलीमा परेकी थिइनन् । उनी २०२२ जुनपछि नेपाली टोलीमा फर्किएकी हुन् । एपेन्डिक्सको शल्यक्रियाको कारण गत सेप्टेम्बरदेखि उनी टोली बाहिर थिइन् ।

प्रतियोगिता १० फेब्रुअरीदेखि १८ सम्म मलेसियामा चल्नेछ । नेपाल, हङकङ, भुटान र माल्दिभ्स समूह डीमा छन् । समूह एमा थाइल्यान्ड, म्यानमार, कुवेत र सिंगापुर छन् । समूह बीमा यूएई, चीन, ओमान र जापान छन् । समूह सीमा इन्डोनेसिया, मलेसिया, बहराइन र कतार छन् ।

हरेक समूहका शीर्ष दुई टोली क्वाटरफाइनलमा पुग्नेछन् । सेमिफाइनल हुँदै फाइनलमा पुग्ने दुई टोलीले एसिया कपमा भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकासँग खेल्न पाउनेछन् ।

# बागमती प्रदेशले रंगशालाको ७० प्रतिशत लागत व्यहोर्ने

**हेटौँडा (मकवानपुर) (प्रस)–** चितवनमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणको ७० प्रतिशत खर्च बागमती प्रदेश सरकारले बेहोर्ने भएको छ । प्रदेश सरकारको सोमबार बसेको मन्त्रिपरिषद् बैठकले रंगशाला निर्माणका लागि भरतपुर महानगरसँगको सम्झौताअनुसारको स्रोत सुनिश्चितता गर्ने निर्णय गरेको हो ।

बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले महानगरपालिकासँगको सम्झौताअनुसार प्रदेश सरकारले रंगशालाका लागि रु ५२ करोड ५० लाखको स्रोत सुनिश्चितता गरेको जानकारी दिए । गत कात्तिक २१ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय हेटौँडामा सो रंगशाला निर्माणका लागि भरतपुर महानगरपालिकाले तयार गरेको रु ७५ करोडको लागत अनुमानमा प्रदेश सरकारले ७० र महानगरपालिकाले ३० प्रतिशत लागत बेहोर्ने सम्झौता भएको थियो । महानगरपालिकाले तयार पारेको पहिलो चरणको लागत अनुमानको प्रस्तावअनुसार १० हजार दर्शक अट्ने प्यारापिट र क्रिकेट मैदान निर्माण गर्ने निर्णय भएको मुख्यमन्त्री जम्कट्टेलले बताए । बैठकले भरतपुर महानगरपालिकालाई रंगशाला निर्माणका लागि ठेक्का प्रक्रिया अघि बढाउन समेत आग्रह गरेको छ ।

# पाकिस्तानमा निर्वाचनको तयारी तीव्र




**इस्लामाबाद-** पाकिस्तानका मुख्य निर्वाचन आयुक्त सिकन्दर सुल्तान राजाले फेब्रुअरी ८ गते हुने आमचुनावका लागि १०० जनाभन्दा बढी विदेशी पर्यवेक्षकको उपस्थित रहने बताएका छन् । सिइसीले राष्ट्रमण्डल पर्यवेक्षक समूहलाई पाकिस्तानले विदेशी चुनाव पर्यवेक्षकका लागि खुला द्वार नीति अपनाएको निर्वाचन आयोगले विज्ञप्तिमार्फत जनाएको छ ।

निर्वाचन आयोगले सोमबार निर्वाचन व्यवस्थापन प्रणाली (इएमएस) स्थापना गर्ने निर्णय गरेको एआरवाई न्युजले जनाएको छ ।

निर्वाचन आयोगका सचिव सैयद आसिफ हुसेनले एआरवाई न्युजसँगको अन्तर्वार्तामा तीन हजार ६०० जनाले इएमएस प्रणाली सञ्चालन गर्न तालिम लिएको र तीन हजार थान कम्प्युटर स्थापना गरिएको उल्लेख गरेका छन् । एआरवाई न्युजका अनुसार इएमएस परीक्षणका क्रममा उत्पन्न समस्या समाधान गरी निजी नेटवर्क स्थापना गरिएको र तिनीहरू इन्टरनेट पहुँचविना पनि काम गर्ने वातावरण निर्माण गरिएको छ ।

यसैबीच, एउटा अन्तर्वार्तामा, महानिर्देशक खिजर हयातले ४० स्थानमा चुनावमा इएमएस प्रयोग गरी चुनावको निर्वाध सञ्चालन सुनिश्चित गर्न यसको प्रविधिमा सुधार गरिएको पुष्टि गरे ।

पाकिस्तानको निर्वाचन आयोगले फेब्रुअरी ८ गते हुने आमनिर्वाचन अघि देशका सबै निर्वाचन क्षेत्रका लागि २६ करोड मतपत्र छाप्ने काम पनि सम्पन्न गरेको छ । *रासस/एएनआई*

## भारतमा 'मंकी फिवर' का कारण दुई जनाको मृत्यु

**नयाँदिल्ली-** भारतको दक्षिणी राज्य कर्नाटकमा 'मंकी फिवर'का कारण यस वर्ष अहिलेसम्म दुई जनाको मृत्यु भएको सञ्चारमाध्यमले जनाएको छ ।

मृत्यु हुनेमा १८ वर्षीया युवती र ७९ वर्षीय पुरुष रहेका छन् । हाल राज्यमा जम्मा ४९ जनामा सो संक्रमण देखिएको हिन्दुस्तान टाइम्सले जनाएको छ ।

यो एक प्रकारको भाइरल हेमोरेजिक रोग हो जुन सन् १९५७ मा भारतको पश्चिमी घाटको क्यासनुर जंगलमा पहिलोपटक पहिचान भएको थियो । *रासस/सिन्ह्वा*

## टोयोटाले वार्षिक खुद नाफा प्रक्षेपण बढायो

**टोकियो-** जापानको टोयोटा कम्पनीले मंगलबार आफ्नो वार्षिक खुद नाफा प्रक्षेपण बढाएको छ । विश्वव्यापी अर्धचालकको अभाव कम भएकाले सबै क्षेत्रमा यसका उत्पादनमा वृद्धि भएको छ ।

विश्वको सबैभन्दा बढी बिक्री हुने अटोमेकरले अब चालु आर्थिक वर्षमा ४.५ ट्रिलियन येन (३० अर्ब डलर)को रेकर्ड खुद नाफा गर्ने अपेक्षा गरेको छ ।

यो नाफा प्रक्षेपण अघिल्लो ३.९५ ट्रिलियन येनको अनुमानको तुलनामा उल्लेख्य वृद्धि हो । *रासस/एएफपी*

## अमेरिका र बेलायती लडाकु विमानद्वारा यमनको होडेडाहमा हवाई हमला



**एडेन-** संयुक्त राज्य अमेरिका र बेलायतका लडाकु विमानले सोमबार यमनी बन्दरगाह सहर होडेडाहमा हवाई आक्रमण गरेको हुथीद्वारा सञ्चालित अल-मासिराह टिभीले जनाएको छ ।

होडेडाह सहरको रणनीतिक रेड सी बन्दरगाहलाई निशाना बनाई अल-काथीब क्षेत्रमा दुईवटा हवाई बमबारी भएको बताएको छ । स्थानीय सञ्चारमाध्यमले जनाएअनुसार आक्रमणमा सर्वसाधारणको निधन भएको बताइएको छ भने केही घाइतेलाई तत्काल चिकित्सा उपचारका लागि नजिकैका अस्पतालमा लगिएको छ ।

विगतका घण्टामा, हुथीको मिडिया आउटलेटले सैन्य स्रोतलाई उद्धृत गर्दै पुष्टि गरेअनुसार 'अमेरिकी-ब्रिटिश आक्रमणकारी विमानले आइतबार राति होडेडाहका गभर्नरेटमा १५ वटा आक्रमण गरेको बताइएको छ ।'

पछिल्लो हवाई आक्रमण जनवरी १२ देखि वासिङ्टन र लण्डनद्वारा जारी सैन्य प्रतिक्रियाको एक हिस्सा हो । साना र अन्य उत्तरी प्रान्तहरूको हुथी-नियन्त्रित क्षेत्रलाई लक्षित गर्दै आक्रमण जारी राखिएको छ ।

अन्तर्राष्ट्रिय कारबाही लालसागरमा व्यापारिक ढुवानीमा हुथी आक्रमणको बदलाको रूपमा गरिएको बताइएको छ ।

गत नोभेम्बरदेखि लालसागर, बाब अल-मन्डब स्ट्रेट र अडेनको खाडीमा सैन्य कारबाहीमा संलग्न हुथीले इजरायली जहाज र इजरायल जाने जहाजलाई निशाना बनाएको दाबी गरिएको छ । गाजामा अक्टोबरदेखि चलिरहेको युद्धको पृष्ठभूमिमा यी कार्य विकास भएको देखापरेका छन् । साथै स्थिति तनावपूर्ण बन्दै गएको छ तर दुवै पक्षले तनाव कम गर्ने कुनै संकेत देखाएको छैन । *रासस/सिन्ह्वा*

## स्वतन्त्र प्यानल गठन गर्ने महासचिव गुटेर्रेसको घोषणा



**न्युयोर्क-** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले प्यालेस्टाइन शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय राहत तथा कार्य एजेन्सी (युएनआरडब्ल्युए) को मूल्यांकन गर्न स्वतन्त्र प्यानल गठन गर्ने घोषणा गरेका छन् ।

गत अक्टोबर ७ गते इजरायलमा भएको हमासको आक्रमणमा उक्त एजेन्सीका १२ जना कर्मचारी संलग्न रहेको इजरायली दाबीका कारण मानवीय संगठनले आलोचनाको सामना गर्नुपरेको छ ।

एजेन्सीको कोष अमेरिका, जर्मनी, बेलायत, स्वीडेनलगायत एक दर्जनभन्दा बढी राष्ट्रले निलम्बन गरेका छन् । फ्रान्सका पूर्वविदेशमन्त्री क्याथरिन कोलोनाले स्वतन्त्र प्यानलको अध्यक्षता गर्ने र तीन युरोपेली अनुसन्धान संस्थासँग सहकार्य गर्ने संयुक्त राष्ट्रसंघले विज्ञप्तिमार्फत घोषणा गरेको अल जजिराले जनाएको छ ।

एजेन्सीले तटस्थता सुनिश्चित गरी आरोपहरूको जवाफ दिन आवश्यक कार्य गरिरहेको छ कि छैन भन्ने मूल्यांकन गर्नु अनुसन्धानको घोषित उद्देश्य रहने बताइएको छ ।

अलजजिराका अनुसार प्यानलको प्रतिवेदनमा एजेन्सीको प्रणालीको सम्भावित सुधार, सुदृढीकरणका लागि अन्तरिम प्रतिवेदनका लागि मार्चको अन्त्यमा र अन्तिम प्रतिवेदनका लागि अप्रिलको अन्त्यमा सिफारिस समावेश गरिने गुटेर्रेसले बताए ।

यो मूल्यांकन संयुक्त राष्ट्रसंघको आन्तरिक अनुसन्धानसँग सम्बन्धित छैन । जुन गत महिना १२ जना युएनआरडब्ल्युए कर्मचारीविरुद्धको प्रारम्भिक आरोपपछि सुरू गरिएको थियो । अक्टोबर ७ पहिलो आक्रमणपछि सुरू भएको इजरायल र हमासबीचको युद्ध करिब एक हजार २०० इजरायली मारिए र करिब २५० जना बन्धक बनाइए । *रासस/एएनआई*

## अरब सागरमा फसेका नौ जना भारतीयको उद्धार

**इस्लामावाद-** पाकिस्तानी नौसेना र समुद्री सुरक्षा एजेन्सीका अधिकारीले अरब सागरको खुला समुद्रमा फसेका नौ जना भारतीय नागरिकलाई उद्धार गरेको जनाएका छन् ।

अधिकारीका अनुसार भारतीय नागरिक खुला समुद्रमा २४ घण्टासम्म डुंगामा फसेका थिए ।

पाकिस्तानी सुरक्षा एजेन्सी घटनास्थलमा पुगी सफल उद्धार अभियान सञ्चालन गरेको सेनाको सञ्चार शाखा इन्टर-सर्भिस पब्लिक रिलेसन्स (आइएसपिआर)ले विज्ञप्तिमार्फत उल्लेख गरेको छ ।

फसेका मानिसको बारेमा जानकारी पाएपछि खोजी र उद्धार अभियान सुरू गरिएको पाकिस्तानी नौसेनाका अधिकारीले डुंगामा देखिएको प्राविधिक समस्या समाधान गरी उद्धार गरेको आइएसपिआरले जनाएको छ ।

पाकिस्तानी उद्धार टोलीले प्रभावित भारतीय नागरिकलाई चिकित्सकीय सहयोगका साथै संकटग्रस्त डुंगाको सुरक्षासमेत सुनिश्चित गरेको बताएको छ । *रासस/सिन्ह्वा*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NOTREDAME FIBERGLASS AND IND MARBLES CO LLC
पूर्व स्वीकृति मिति: २०८०/१०/२२ LT No.299479 चलानी नं ६०२१४४१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 29 | 0 | 1200 | ४३,७५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Glass Maker | 30 | 0 | 1200 | ४३,७५५ | | | | | | | |
| 3 | Glass Polisher | 19 | 0 | 1200 | ४३,७५५ | | | | | | | |

कम्पनी : CHENOTH EMPLOYMENT- SOLE PROPRIETORSHIP LLC
पूर्व स्वीकृति मिति: २०८०/१०/२२ LT No.299480 चलानी नं ६०२१४४१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 150 | 0 | 900 | ३२,८१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 150 | 0 | 1200 | ४३,७५५ | | | | | | | |

कम्पनी : NOTREDAME METAL CONSTRUCTION CO LLC
पूर्व स्वीकृति मिति: २०८०/१०/२२ LT No.299483 चलानी नं ६०२१४४११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Arc Welder | 10 | 0 | 1200 | ४३,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Metal Painter | 10 | 0 | 1200 | ४३,७५५ | | | | | | | |
| 3 | Metal Structure Maker | 20 | 0 | 1200 | ४३,७५५ | | | | | | | |
| 4 | Sheet Metal Worker | 20 | 0 | 1000 | ४३,७५५ | | | | | | | |
| 5 | Welder | 20 | 0 | 1300 | ४७,४०० | | | | | | | |
| 6 | Welder Assistant | 20 | 0 | 1000 | ३६,४६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २ गते (14th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DEVELOPMENT AND SUPPLY COMPANY LTD
पूर्व स्वीकृति मिति: २०८०/१०/२२ LT. No. 299168 चलानी नं. ६०२१४४३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 1 | 0 | 2500 | ८८,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २ गते (14th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VISI L.A SECURITY FORCE SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०८/२६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२३ LT. No. 277497 चलानी नं. ६०१९३१५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 22 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TADWEER TRAD. CONT. & SERVICES WLL.
पुर्व स्वीकृति मिति: २०८०/०७/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२३ LT. No.294785 चलानी नं. ६०२१०००५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 1 | 0 | 2500 | ९०,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor | 1 | 0 | 2500 | ९०,७२० | | | | | | | |
| 3 | Representative | 1 | 0 | 2200 | ७९,८३५ | | | | | | | |
| 4 | Electrician Gen | 2 | 0 | 1100 | ३९,९१५ | | | | | | | |
| 5 | Carpenter | 4 | 0 | 1100 | ३९,९१५ | | | | | | | |
| 6 | Building Worker | 2 | 0 | 1000 | ३६,२९० | | | | | | | |
| 7 | Labour | 4 | 0 | 1000 | ३६,२९० | | | | | | | |
| 8 | Receptionist | 0 | 1 | 1100 | ३९,९१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २ गते (14th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११०८/०७३/०७४

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BAHIA HASHEM BIN HUSSEIN AL HASSAN CONTRACTING EST.
पुर्व स्वीकृति मिति २०८०/१०/०५ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२३ LT. No. 298278 चलानी नं. ६०२१३३०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 10 | 0 | 1000 | ३५,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन २ गते (14th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस Sky Blue International Overseas Pvt.ltd. (ई.प.नं.१४६२/०७४/०७५)मा **सत्यनारायण पा**
ले यस प्रा. लि. मा PRO पदमा काम गर्दै आउनु भएको र निजको व्यक्तिगत काम विशेषको कारण र
संस्थाबाट हटाईएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नग
नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशि
रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र र
प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Govt. License 1462/074/075

**Sky Blue International Overseas Pvt.ltd.**
Sinamangal, Kathmandu, Nepal, Phone: 9801970911/9801970910/9801970914
9801970921/9801970918, skyblueintloverseas@gmail.com, www.skyblue.com.np



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११८००० | प्रति तोला – ११७४५० | प्रति तोला – १३७५ |

# चेम्बर र निर्यात परिषद्बीच सहकार्यको सहमति




■ प्रभाव संवाददाता

**काठमाडौं–** व्यापार घाटा न्यूनीकरण एवं निर्यात वृद्धिका लागि नेपाल चेम्बर अफ कर्मस र निर्यात परिषद्बीच सहकार्यका लागि समझदारी भएको छ । परिषद्का नवनिर्वाचित पदाधिकारी एवं कार्यसमितिलाई जमलस्थित चेम्बर भवनमा स्वागत गर्ने क्रममा निर्यात सहजीकरणका लागि नीतिगत सुधार एवं सम्भावनाका विभिन्न विषयमा सहकार्य गर्ने समझदारी बनेको हो । दुई संस्थाबीच नीति निर्माणदेखि भन्सार सहजीकरण गर्ने विषयमा सहकार्य हुने चेम्बरले जनाएको छ ।

उक्त अवसरमा चेम्बर अध्यक्ष राजेन्द्र मल्लले निर्यातयोग्य वस्तुहरूको पहिचान र प्रवर्द्धन हुन नसक्दा अपेक्षित लाभ लिन नसकिएको उल्लेख गर्दै भने, 'मुलुकमा रु १० खर्बभन्दा बढीको निर्यात सम्भावना छ । तर डेढ खर्ब रूपैयाँबराबरको पनि निर्यात हुन सकेको छैन ।'

निर्यात प्रवर्द्धनमा देखिएको नीतिगत कठिनाई अन्त्य गर्न चेम्बरले पहल गर्ने अध्यक्ष मल्लले बताए । व्यापार घाटा न्यूनीकरणका लागि नीतिगत सुधारसँगै भन्सार प्रशासनलाई चुस्त र प्रभावकारी बनाउनुपर्ने उनको भनाइ छ । यस्तै भन्सारमा उच्चस्तरीय क्वारेन्टिन ल्याव स्थापना एवं निर्यातमा दिइने सहुलियतको प्रभावकारी कार्यन्वयन गर्नुपर्नेमा अध्यक्ष मल्लले जोड दिए ।

वस्तु निर्यात गर्दा अनलाइनबाट सिधै भुक्तानी गर्न सकिने व्यवस्था गरिए निर्यात दोब्बरले वृद्धि गर्न सकिने उनको भनाइ छ । मुलुकभरबाट उत्पादन भएका कृषिजन्य, हस्तकला, जडीबुटी, चिया, कफीलगायतका वस्तुलाई एकै ठाउँमा जम्मा गरी एकीकृत निर्यात केन्द्र वा निर्यात प्रवर्द्धन गृहमार्फत निकासी गर्न सकिए साना व्यवसायीलाई लाभ तथा उत्पादन लागत कम हुनेमा अध्यक्ष मल्लले जोड दिए ।

चालु आर्थिक वर्षको पाँच महिनामा नै व्यापार घाटा रु पाँच खर्ब ९७ अर्बभन्दा बढी भइसकेको भन्दै अध्यक्ष मल्लले प्रत्येक वर्ष मुलुकको व्यापारघाटा बजेटकै हाराहारीमा हुन थालेको बताए । उनले भने, 'आर्थिक समृद्धि र विकासको बाधक मुलुकको चरम व्यापार घाटा पनि हो, आन्तरिक उत्पादन नहुँदा कृषि जन्य वस्तुहरूमा समेत परनिर्भरता बढ्दो क्रममा छ, सम्भावना भएका क्षेत्रहरूमा समेत निर्यात सहजीकरण हुन सकेको छैन ।' नेपाल निर्यात परिषद्का नवनिर्वाचित अध्यक्ष नरेशलाल श्रेष्ठले भन्सार प्रक्रिया सहजीकरण नहुँदा व्यवसायीले अनावश्यक दुःख पाएको गुनासो गरे ।

राष्ट्र बैंकः अर्धवार्षिक समीक्षा

# सकारात्मक लयमा आर्थिक र वित्तीय सूचक

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक समीक्षा अवधिमा अधिकांश आर्थिक तथा वित्तीय सूचकहरू सकारात्मक देखिएका छन् । नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको सुरुआती छ महिनाको तथ्यांकमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार आर्थिक तथा वित्तीय सूचकले सुधारको लय समातेको देखिएको हो ।




यस अवधिसम्ममा शोधनान्तर स्थिति रु दुई खर्ब ७३ अर्ब ५२ करोडले बचतमा छ । कूल विदेशी विनिमय सञ्चिति रु १८ खर्ब १६ अर्ब ५७ करोड पुगेको छ । सरकारको खर्च रु पाँच पाँच खर्ब ६६ अर्ब ६२ करोड र राजस्व परिचालन रु चार खर्ब ९६ अर्ब ५० करोड रहेको छ । तथ्यांकअनुसार विस्तृत मुद्राप्रदाय ६ दशमलव चार प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १४ दशमलव तीन प्रतिशतले बढेको छ ।

पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन छ दशमलव छ प्रतिशतले बढेको छ र निजी क्षेत्रमा प्रवाहित कर्जा चार प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर १४ दशमलव नौ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर चार दशमलव नौ प्रतिशत रहेको छ ।

राष्ट्र बैंकको प्रतिवेदनअनुसार मूल्यवृद्धि वाञ्छित सीमाभित्र कायम भएको छ । वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकांकमा आधारित मुद्रास्फीति पाँच दशमलव २६ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति सात दशमलव २६ प्रतिशत रहेको थियो । चालु आर्थिक वर्षमा मूल्यवृद्धि साढे छ प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने सरकारको लक्ष्य छ ।

चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा खाद्य तथा पेयपदार्थ समूहको मुद्रास्फीति पाँच दशमलव ७७ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति चार दशमलव ८५ प्रतिशत रहेको छ । राष्ट्र बैंकका अनुसार पुस महिनामा घ्यू तथा तेल, तरकारी, मासु तथा माछा र यातायात उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकांक घटेको छ । मरमसला र चिनी तथा चिनीजन्य वस्तु उपसमूहको सूचकांकमासमेत क्रमशः कमी आइरहेको देखिएको छ । 'वार्षिक बिन्दुगत आधारमा २०८० पुस महिनामा आयात मूल्य सूचकांक, तलब तथा ज्यालादर र थोक मूल्य सूचकांकको वृद्धिदरमा समेत कमी आएको छ । फलस्वरूप समीक्षा अवधिमा उपभोक्ता मुद्रास्फीतिमा तुलनात्मकरूपमा कम दबाब पर्न गएको छ', प्रतिवेदनमा भनिएको छ ।

खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत घ्यू तथा तेल, तरकारी र मासु तथा माछा उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकांक क्रमशः १३ दशमलव ०७ प्रतिशत, एक दशमलव ०४ प्रतिशत र शून्य दशमलव ०६ प्रतिशतले घटेको छ । मरमसला उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकांक भने ३५ दशमलव ६० प्रतिशतले बढेको छ । त्यस्तै खाद्य तथा खाद्यजन्य पदार्थको मूल्य ११ दशमलव ३८ प्रतिशत, दाल तथा गेडागुडीको ११ दशमलव १४ प्रतिशत, दुग्ध पदार्थ तथा अण्डाको १० दशमलव २९ प्रतिशत र फलफूलको १० दशमलव १५ प्रतिशतले बढेको छ ।

गैरखाद्य तथा सेवा समूहअन्तर्गत यातायात उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकांक एक दशमलव ६२ प्रतिशतले घटेको छ । मनोरञ्जन तथा संस्कृति उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकांक १२ दशमलव ८४ प्रतिशत, विविध वस्तु तथा सेवाको नौ दशमलव ७३ प्रतिशत, शिक्षाको आठ दशमलव ९२ प्रतिशत, फर्निसिङ तथा घरायसी उपकरणको पाँच दशमलव १८ प्रतिशत र कपडाजन्य तथा जुत्ता चप्पलको चार दशमलव ९६ प्रतिशतले बढेको छ । गत पुस महिनामा काठमाडौं उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति पाँच दशमलव ७६ प्रतिशत छ । यो अवधिमा तराईको मूल्यवृद्धि चार दशमलव ७८ प्रतिशत, पहाडको पाँच दशमलव ४० प्रतिशत र हिमालको छ दशमलव ५७ प्रतिशत छ ।

चालु आर्थिक वर्षको पुसमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति तीन दशमलव ३६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति नौ दशमलव ८२ प्रतिशत रहेको थियो, गत पुसमा उपभोग्य वस्तुको वार्षिक बिन्दुगत थोक मुद्रास्फीति छ दशमलव १६ प्रतिशत, मध्यवर्ती वस्तुको एक दशमलव ९९ प्रतिशत र पुँजीगत वस्तु दुई दशमलव ७१ प्रतिशत रहेको छ । समीक्षा महिनामा निर्माण सामग्रीको वार्षिक बिन्दुगत थोक मुद्रास्फीति एक दशमलव ०८ प्रतिशतले घटेको छ ।

कर्पोरेट

# नेपाली बजारमा होण्डाले ल्यायो १२५ सिसीको अत्याधुनिक मोटरसाइकल




**काठमाडौं (प्रस)–** जनमानसमा अति लोकप्रिय होण्डा ब्राण्डले बिभिन्न अत्याधुनिक प्रविधिहरू थप गरि बजारमा ल्याएको छ । १२५ सिसी हर्स पावर रहेको यस मोटरसाईकल बिएसभईआई प्रविधियुक्त रहेको हुँदा यसले ग्राहकको दैनिकीलाई अझ बढी सहज, बिश्वसनिय तथा भरोसायुक्त बनाउन सफल हुनेमा होण्डाको लागि नेपालको आधिकारिक बिक्रेता स्याकार टेडिंग कम्पनी प्रा.लि ले लिएको छ ।

यस मोटरसाईकलमा रहेको बिषेश किसिमको चक्का तथा आर्कषक डिजिटल मिटरले चालकलाई गज्जबको अनुभव दिने गर्दछ साथै आधुनिक प्रबिधिको एसीजी स्टार्टररले सवारीबाट निस्कने झर्को आवाजलाई सुक्ष्म मधुर आवाजमा रूपान्तरित गरिदिने हुँदा यात्रा अवधीभर चालकको मनोभावना प्रफुल्लित र सकारात्मक हुन जान्छ । ह्याण्डलमै रहेको इन्जिन स्टार्ट स्टप स्वीचले चालकको यात्रा सहजपूर्ण बनाउनुको साथै सवारीमा प्रयोग भएको गुणस्तरिय एलइडी हेडलाईटले जुनसुकै मौसम तथा परिस्थीतिमा ग्राहकहरूलाई सुरक्षाको प्रत्याभूति दिनेमा कम्पनी विश्वस्त छ ।

ग्राहकको चाहना अनुसारको आर्कषक डिजाईन तथा रङ्गहरूमा उपलब्ध होण्डाको एपी १२५ ले युवा ग्राहकहरूका साथै पेशागत ब्यस्त दैनिकी भएका ग्राहकहरूलाई समेत आर्कषित गर्न सफल हुनेमा कम्पनी विश्वस्त रहेको छ ।

नजिकको होण्डा शोरुम वाहोण्डा नेपालको आधिकारिक वेवसाइटमा गई उपलब्ध क्यूआर कोड स्क्यान गरि सिमित अवधिको लागि मात्र रु. २,७८,९०० को प्रारम्भीक मुल्यमा एसपी १२५ खरिद या बुकिङ्ग गर्न सकिने सहज सुबिधाको ब्यबस्था गरिएको कम्पनीले जनाएको छ ।


## अथर्व बहुउद्देश्यीय सहकारी संस्था लि.

प्रधान कार्यालय का.म.न.पा–७, चुच्चेपाटी, काठमाडौं
फोन नं. : ०१–४५७४४०२, ४४९५४०२

### कर्जा चुक्ता गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/१०/२४

यस संस्थाबाट ऋण लिई कारोबार गर्ने तपशिलमा उल्लेखित ऋणी तथा जमानी कर्ताले यस सहकारी संस्थाबाट लिनुभएको धितो कर्जा बापत तिर्नु/बुझाउनु पर्ने साँवा, ब्याज हर्जना आदि दैदस्तुर समेतको रकम भाखा भित्र नबुझाई, कर्जा सम्बन्धि शर्त बन्देजहरू उल्लंघन गरेको र ऋण तिर्न बारम्बार लिखित तथा मौखिक तरताकेता गर्दा समेत सम्पर्कमा नआई तपाईहरूले ऋण तिर्नु बुझाउन, कुनै पहल नगरेको कारणले प्रथम पटक मिति २०८०/०४/१५ गतेको '**प्रभाव राष्ट्रिय दैनिक**' पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋण चुक्ता भुक्तान गर्न चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो **१५ दिने** सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा तँपाई ऋणीले ऋणको सुरक्षण बापत संस्थालाई लेखी लेखाई दिनु भएको चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लगानी असुली निति, एवं प्रचलित ऐन कानुन बमोजिम लिलाम बिक्री गरी कर्जा असुल उपर गरिनेछ । साथै लिलाम बिक्रीबाट सम्पूर्ण कर्जाको साँवा, ब्याज हर्जाना असुल उपर, नभएमा तपाई ऋणी तथा एकाघरका परिवार तथा जमानी दिनेको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत कानुन बमोजिम संस्थाको लेना रकम असुल उपर गरिने ब्यहोरा समेतका साथ यो सूचना प्रकाशित गरिएको छ ।

| ऋणीको विवरण | ऋणीको फोटो | जमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|
| नाम : कमल बहादुर आले<br>बाबुको नाम : प्रेम बहादुर आले मगर<br>बाजेको नाम : वृष बहादुर आले मगर<br>ना.प्र.नं. : ७२१६<br>स्थायी ठेगाना : हलेसीतुवाचुङ-६, खोटाङ्ग<br>अस्थायी ठेगाना : का.म.न.पा.-२९, काठमाडौं । |  | नाम : उत्तम कुमार थापा<br>बाबुको नाम : सोम बहादुर थापा<br>बाजेको नाम : मान बहादुर थापा<br>ना.प्र.नं. : १४३०३६/९४७<br>स्थायी ठेगाना : साविक कटारी-४, उदयपुर<br>अस्थायी ठेगाना : का.म.न.पा.-११, काठमाडौं । |  |

**धितोको विवरण** : कमल बहादुर आलेको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला साविक ठेचो गा.वि.स. वडा नं. ५ सिट नं. ५क स्थित कित्ता नं. ८४७ को क्षेत्रफल ०-५-१-० रहेको जग्गा तथा सो जग्गाले चर्चेको लिगलगापात समेत ।


अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ